चार

मध्य-मधेशका विद्यालयहरूको सामाजिक र राजनीतिक विवेचना

सीके लाल

मध्य-मधेशको हकमा सन् १९५० दशकको शुरूआतका वर्षहरूलाई "आशंकित आशावाद" को कालखण्ड भन्न सकिन्छ । यति खेर, भारत स्वतन्त्र भइसकेपछि दशगजापारि जुन उत्साहपूर्ण वातावरण थियो त्यसको प्रभाव मधेशसम्म आइपुगेको थियो भने अर्कोतिर नेपालभित्र राणाशाहीको अन्त भएलगत्तैको गञ्जागोलले गर्दा सामान्यजनमा हिचकिचाहट पनि उत्तिकै थियो । सन् १९१७ को चम्पारण सत्याग्रहदेखि कम्तिमा तीन दशकको संघर्षले गर्दा पारिपार्ट्टि विहारमा भारतीय राष्ट्रिय काँग्रेस सुपरिचित संस्था थियो । मधेशमै आधार क्षेत्र भए पनि नेपाली काँग्रेस भने उस्तो चिनिएको संगठन थिएन । समाजको संरचना परम्परामा आधारित थियो । पुरेत, जमिनदार र साहुकारको हैकमलाई चुनौती दिन सक्ने हैसियत नेपाली काँग्रेसले बनाइसकेको थिएन । पुरानो जीवनशैली भत्किन लागेको तर नयाँ चलन स्पष्ट भैनसकेको त्यस कालखण्डको संकटग्रस्त मधेशी समाजका द्विविधाहरूको समग्र लेखाजोखा हुन बाँकी छ । तर, सामाजिक रूपान्तरणका लागि व्याग्र छटपटीको इलाज शिक्षा हुन सक्छ भन्ने आधुनिकतावादी मान्यता सुस्तरी स्वीकार्य हुँदै गैरहेको थियो । शिक्षाको प्रसारले रूढिको बेडीलाई खुकुलो बनाउँछ भन्ने मान्यताले गर्दा अनौपचारिक अध्ययन-अध्यापनका विभिन्न प्रारूपहरूको अभ्यास अहिले मधेश प्रदेश नामकरण गरिएको क्षेत्रका विभिन्न गाउँमा सन् १९५० भन्दा अगावै शुरू भइसकेको थियो ।

निजी शिक्षाको प्रारूप, शिक्षार्थी-शिक्षक सम्बन्ध एवं प्रारम्भिक पाठहरूको दूरगामी असरको उदाहरण रामराजा प्रसाद सिंहको पुस्तक *गणतन्त्रका लागि संघर्ष*मा पाइन्छ । सिंह लेख्छन् :

मेरो पढाइ निकै बिग्रिसकेको थियो । जो शिक्षकलाई हाम्रो घरमा राखियो र उहाँले मलाई जसरी शिक्षा दिनुभयो म उहाँप्रति धेरै नै अनुग्रहित छु । उहाँको नाम श्यामानन्द लाल दास हो । उहाँ जनकपुरको हाइ स्कूलमा पनि शिक्षक हुनुभयो । अहिले "रिटायर्ड" भएर ढल्केबरमा सानो घर बनाएर बस्नुभएको छ । मैले बेलाबेलामा उहाँलाई भेट्न जाने गरेको छु ।

आफ्ना गुरुप्रति सिंह कृतज्ञ देखिन्छन् :

हाइ स्कूलमा अंग्रेजीको जग उहाँले नै मजबुत बनाइदिनु भएको हो । २०२४ सालमा स्नातक चुनावका लागि मैले जुन घोषणापत्र अंग्रेजीमा लेखेको थिएँ त्यसलाई उहाँको पाउमा लगेर चढाएको थिएँ । २०२८ सालको चुनाव घोषणापत्र पनि उहाँकै पाउमा चढाएँ र भनेँ—"तपाई विशाल रूखको जरा हो र म त्यो रूखको हाँगापात । जरा बलियो भएकाले नै हामी फस्टाएका छौँ ।"

समय बदलिएको छ । न अब त्यस्ता आदर्श शिक्षक भेटिन्छन्, न त्यस्ता गुणज्ञ शिक्षार्थीहरू देखिन्छन् । सन् १९५० भन्दा पहिले मधेशतिर घरमै सिक्ने र सिकाइने "होम स्कूलिङ" सामान्य मानिन्थ्यो । वर्ण व्यवस्थाको जकडबन्दी कसिलो रहेकाले शिक्षाको स्वरूप भने फरक-फरक किसिमको हुन्थ्यो । ब्राह्मणले कर्मकाण्ड, क्षत्रियले साहित्य, वैश्यले गणित एवं शुद्रले आ-आफ्नो पुख्यौंली पेसा अनुसारका सिप घरमै सिक्ने गर्दथे । रामराजा प्रसाद सिंह जस्ता राजपुत, भूमिहार, थारू वा यादव जमिनदारहरूको संख्या खासै ठूलो थिएन । तिनका सन्तान "होम स्कूलिङ" पूरा गरेपछि सामान्य शिक्षाका लागि सीमापारिका स्कूलहरूमा पठाइन्थे । ज्ञान र कौशल प्रसारको चलन भने वर्ण मात्र नभएर वर्गले पनि निर्धारित गर्थ्यो ।

अनौपचारिकबाट औपचारिक शिक्षातर्फको यात्राबारे विषय प्रवेश गरिसकेपछि आलेखको मूल विषय, अध्ययन विधि, प्रस्तुतीको शैली एवं सीमिततताहरू पनि प्रस्ट्याउन जरुरी छ । शीर्षक "मध्य-मधेशका विद्यालयहरूको सामाजिक र राजनीतिक विवेचना" भए पनि यो लेखोट कुनै क्षेत्रगत अनुसन्धान, विस्तृत अध्ययन वा विद्वत् विश्लेषणको प्रतिवेदन होइन । विवेचना शब्दले सम्झना, सोधखोज एवं चिन्तनमा आधारित मिमांसालाई पनि जनाउँछ । अध्ययन विधि अनौपचारिक हुने भएपछि प्रस्तुतिको शैली स्वभाविक रूपमा वर्णनात्मक वा विश्लेषणात्मकभन्दा पनि व्याख्यात्मक हुन पुग्दछ । लेखोटका सीमिततताहरू विधि र शैलीमा अन्तर्निहित छन् । तथ्यहरूको संकलनभन्दा यथार्थ-चित्रणलाई महत्त्व दिइएकाले तथ्यांक एवं पात्रभन्दा विवरण एवं परिणामलाई बढी महत्त्व दिइएको छ ।

यस प्रस्तुतिको उद्देश्य सार्वजनिक वृत्तमा उपलब्ध जानकारीको खण्डन गर्ने नभई केही व्याख्यात्मक आयाम थप्नु मात्रै हो । त्यसैले कतिपय सुनिएका कुराहरूको दस्तावेजीकरण "कथावाचन" जस्तो पनि लाग्न सक्दछ । अनुभवजन्य विवरणको सत्यापन कठिन हुने भएकाले त्यस्ता सबै बयानहरूको जिम्मेवारी प्रस्तुतकर्ताको हुने कुरा स्वत: स्पष्ट छ ।

मधेशको परिवेश

समयक्रममा पूँजीको प्रवाह एवं आधुनिक प्रविधिको प्रयोगले गर्दा उत्पादनका साधनहरू बदलिन्छन् । रोजगारको प्रकृति फरक हुन जान्छ । दैनिक जीवनका आवश्यकताहरू रूपान्तरित हुन्छन् । त्यस्ता सबै परिवर्तनले गर्दा जीवनशैली पनि फेरिँदै जान्छ । खानपानमा तयारी खानेकुराको प्रभाव बढ्छ । वासस्थानको स्वरूपमा सामूहिक आवश्यकताभन्दा निजी प्रयोजनले प्राथमिकता पाउन थाल्दछ । मधेशको निर्वाह-आधार सुस्तरी तर निर्णायक तवरले कृषि गार्हस्थ्य व्यवस्थाबाट विप्रेषण-आश्रित अर्थतन्त्रमा रूपान्तरित हुँदै गएकाले नयाँ बन्ने संरचनाहरूको वास्तुकला पनि बदलिँदै गएको छ । खुला दलानको ठाउँ अब बन्द बैठक कोठाले लिएको छ । परम्परागत "होम स्कूलिङ" को प्रचलित स्थान हराउँदै गएको छ । सन् १९५० दशकसम्म मधेशको गाउँघरतिर हुनेखानेका कतिपय दलान सार्वजनिक पाठशाला जस्तै हुन्थे । जाडो वा वर्षाका बेला दलानभित्र सिक्ने र सिकाउने काम हुन्थ्यो भने सामान्य समयमा खुला मैदानमा विद्यार्थीहरूसँगै बसेर ठूलो स्वरमा समवेत रूपले पाठ घोक्ने गरिन्थ्यो ।

मधेशमा सामान्यजनका लागि लेखापढीको आवश्यकता चन्द्र शमशेरले (शासनकाल सन् १९०१–१९२९) जग्गा नापीको योजनाबद्ध थालनी गरेपछि महशुश भएको हुनु पर्दछ । त्यसभन्दा अगाडि पुरेत परिवारका वटुकहरू घरमै अक्षरारम्भ गरेर रुद्री-चण्डी पाठ एवं सत्यनारायण कथा वाचनको अभ्यास गर्थे । राजसेवाको महत्त्वाकांक्षा राख्ने ब्राह्मण कुलका सन्तानलाई मकवानपुरका सेन राजाहरूले सन् १७१८ तिर स्थापना गरेको मटिहानी पाठशालामा संस्कृत भाषा, ज्योतिष शास्त्र एवं सनातन कर्मकाण्डबारे शिक्षा हासिल गर्न पठाइन्थ्यो । चन्द्र शमशेरले खोलेको त्रिचन्द्र कलेजलाई (स्थापित सन् १९१८) "प्रजातन्त्र स्थापनाको कारक र नेपाल आधुनिकीकरणको आधारशीला" पनि केहीले भन्छन् । तर, "फिस्टे महाराज" चन्द्र शमशेरको मुख्य ध्याउन्न मुलुकको आधुनिकीकरणमा नभई आफ्नो शासनसत्ता लम्ब्याउनमा केन्द्रित थियो । त्यसका लागि राज्य सञ्चालन व्यवस्थित गर्न उनले कलेज खोल्नुभन्दा अगावै स्रेस्ता पाठशाला स्थापना गर्न लगाएका थिए । हिसाब-किताब, अभिलेख व्यवस्थापन, देवानी एवं फौजदारी मुद्दाबारे जंग बहादुरको मुलुकी ऐनका प्रावधान तथा रीतिथितिको जानकारीका आधारमा "चार-पासे" छिचोलेका कुलिन युवा शासन-सेवाका नौसिन्दा हुन पाउँथे । राजपाटको सञ्चालनका लागि "चार-पासे

सक्षमतन्त्र" मार्फत गोर्खाली थरघर (अर्जेल, खनाल, पाण्डे, पन्त, बोहरा एवं राना) एवं काठमाडौँ उपत्यकाका कुलिन नेवारभन्दा बाहिरका विश्वासिलो परिवारका युवाहरूलाई दाम चढाएर "सरकारको सेवा" गर्ने "तावेदारहरूको पंक्ति" भित्र छिराउनेमा चन्द्र शमशेरको भूमिकालाई प्रमुख मान्न सकिन्छ ।

राज्य सञ्चालन सम्बन्धी शिक्षामा मधेशी तथाकथित "बड्का जाति" भनिनेहरूको समेत रुचि र प्रवेश दुवै नगण्य थियो । दक्षता अनुसारको अवसर नपाउने भएपछि बहुमूल्य समय एवं सीमित स्रोत खर्चेर अनुपयोगी शिक्षामा लगानी गर्ने कुरा पनि भएन । सायद त्यसैले होला, मटिहानी संस्कृत पाठशालामा संखुवासभादेखि स्याङ्जा एवं सल्यान सम्मका बाहुन वटुक पढ्न आउँथे, तर छिमेककै मैथिल ब्राह्मणहरू भने प्रवेश पाउन खासै यत्न गर्दैनथे । बरु अवसर थोरै मधेशीले पाएका भए पनि स्रेस्ता पाठशालाको "चार-पासे" सरहको योग्यता स्वाध्यायबाट हासिल गरेका "उच्च जाति" का युवाहरूका लागि माल अड्डा, बजार अड्डा एवं गोश्वारामा पहुँच सहज हुन्थ्यो । ती लेखापढी मात्रै गर्ने भए पनि "पंडि जी," "बाबू साहेब" वा "मुखियाजी" कहलिन्थे ।

आफ्नो करिब तीन दशक लामो शासन कालभित्र फैलिएको परिवार एवं दरबारिया बफादारलाई व्यवस्थित गर्न चन्द्र शमशेरलाई कर संकलन व्यवस्था सुदृढ गर्न जरुरी भयो । उनले विहारबाट जग्गा नापी गर्न जान्ने अमिनहरू झिकाए । यी अमिन अंग्रेजहरूले विहारमा जग्गा नापी (सन् १९०५–१९१५) सम्पन्न गराउन तालिम दिएका स्थानीय युवाहरू थिए । उनले कर संकलन गर्ने अमाल सञ्चालन गर्ने दक्ष पटवारी पनि मगाए । लिलाम बढाबढको ठेक्कापट्टा मार्फत ठेकिएको कुत उठाएर त्यसको केही भाग आफै राखेर बाँकी माल अड्डामा दाखिला गर्ने जमिनदार उनले नियुक्त गरे । यस क्रममा भएको मध्य-मधेशको व्यापक जंगल फडानी एवं जग्गा नापीपछि सामान्य परिवारहरूले समेत आफ्ना सन्तान (छोरा) लाई कम्तिमा "लिखत" पढ्न सक्ने बनाउनु पर्ने महशुश गरे । राणा शासनको समाप्ति (सन् १९५१) हुँदाको बखतसम्म साक्षर हुन पाएकाहरू (२% भन्दा कम) मध्ये पुरेत्याइँ गर्ने ब्राह्मण, पटवारी र अमालको काम गर्ने कायस्थ, जमिनदारीको ठेक्कापट्टा उठाएका राजपूत तथा भूमिहारहरू थिए ।

भारतमा स्वतन्त्रता आन्दोलनको प्रभावले गर्दा साक्षरताको महत्त्व बुझेर दलानमा खुला पाठशाला सञ्चालन गर्ने क्रम सम्भवत: दशगजापारि सन् १९४२ को "भारत छोडो" आन्दोलनपछि फैलिँदै गयो । पारि बेलायती प्रहरीको कोपबाट जोगिन नेपालमा "सरहदिया नातेदार" कहाँ शरण लिन आउनेहरूका लागि सबभन्दा सहज काम केटाकेटीलाई पढाउनु हुन्थ्यो । सीमापारिको प्रभावले गर्दा मधेशी सभ्रान्तमा शिक्षाको विस्तारबारे दायित्वबोध, राजनीतिक दलहरूको गतिविधिले गर्दा सामान्यजनमा फैलिँदै गएको सामाजिक जागरुकता

एवं शिक्षकको उपलब्धता केही सहज भएपछि मध्य-मधेशमा औपचारिक शिक्षाको विस्तारका लागि अर्थ-राजनीतिक आधार तयार भएको हो ।

खुला पाठशालाको आर्थिक व्यवस्था सन् १९५० को दशकसम्म पनि आधारभूत प्रकृतिकै हुन्थ्यो । विहार भूमिसुधार ऐन, सन् १९५० ले गर्दा सामान्य लेखपढ एवं साधारण अंकगणितका भरमा भूमि प्रशासनको दस्तावेज तयार गरेर गुजारा गर्नेहरू दशगजा पारि बेरोजगार हुन पुगेका थिए । मधेशका गाउँघरतिर हुनेखानेले ती बेरोजगार युवालाई खाने र बस्ने व्यवस्था मिलाइदिन्थे । त्यसबापत गुरुजीले आफ्ना आश्रयदाताको परिवारका केटाकेटीलाई बिहान-बेलुकी पढाइदिनु पर्थ्यो । केही त्यस्ता गुरुजीहरू दिउँसो आराम गर्थे भने केही सम्पन्न घरमा खेतीपातीको हिसाब राख्न सघाउने पनि गर्दथे । आश्रयदाताको परिवार बाहेक गुरुजीसँग पढ्न आउनेमा दलान छेउछाउका केटाकेटी पनि हुन्थे । स्वेच्छाले कसैले दिने "गुरु दक्षिणा" बाहेक शुल्क तिर्नु पर्ने चलन थिएन । शनिवारका दिन गुरु कहाँ "शनिचरी" पूजा हुन्थ्यो । प्रसादका लागि चामल र सक्खरसँगै पाँच-दश पैसा पनि चढाइन्थ्यो । शनिचरी गुरुजीहरूको थोरै भए पनि नियमित आम्दानीको स्रोत थियो ।

खुला प्रारम्भिक शिक्षाको स्वरूप पनि अर्धविकसित प्रकृतिको नै थियो । धेरैजसो वसन्त पञ्चमीका दिन सरस्वती पूजासँगै अक्षरारम्भ गराइन्थ्यो । मैथिलीमा त्यस्तो अनुष्ठानलाई "भट्ठा धरेनाई" भनिन्थ्यो । भुइँमा हल्का गेरूवा र चिल्लो माटोले लिपेर "ठाँव" बनाउनु पर्थ्यो । त्यसमाथि गुरुले शिक्षार्थीको हात समातेर भट्ठाको डल्लोले "ओम् नमः सिद्धम्" लेख्न लगाउथे । संस्कृत श्लोकको कठिन उच्चारण गर्न असमर्थ बच्चाहरू फर्किने बेला "ओनामासी धंग" गाउँदै घर फर्किन्थे । त्यस "फकरा" मा चकचके केटाकेटीले थप्थे—"ओनामासी धंग, गुरुजी चितंग" । पढ्न अनिच्छुकहरू झन् जिस्किन्थे—"ओनामासी धंग, बाप पढल न हम !" भोलिपल्ट बाँसको काँचो "कर्ची" ले हत्केलामा रातो डाम बस्ने गरी चुटाइ खाने पहिलो पालो गुरुजीलाई "चितंग" पार्नेहरूको हुन्थ्यो ।

भुइँमा अक्षर लेख्न सिकेपछि थप लेख्नलाई काठको "पाटी" (सानो चारपाटे फलेक), भट्ठाको डल्लो एवं बस्नलाई बोरा वा चटाइ बोकेर गुरुजी कहाँ जान शुरू हुन्थ्यो । पाटीलाई कालो र चिल्लो बनाउन ध्वाँसोमा खाने तेल मिलाएर धसिएको हुन्थ्यो । भट्ठा अप्रशोधित चुनढुंगाको डल्लो हो । आजभोलि त्यस्तो वस्तु बजार-हटियातिर देखिँदैन । वर्णमालाको अभ्यास सकिएपछि पाटी-भट्ठाबाट "सिलेट-पिनसिल" मा उक्लिन्थ्यो । सिलेट पहिले सजिलै फुट्ने नरम ढुंगाको हुने गर्दथ्यो; पछि कालो पोतिएको टिनको पाता आउन थाल्यो । "पिनसिल" भने कडा खाले चुनढुंगा पेन्सिल आकारमा काटिएको एक औँला बराबरको लम्बाइको टुक्रा हुन्थ्यो । लेख्नेसँगै कण्ठस्थ गर्नु पर्ने गणितको खाँति (हिन्दीमा पहाडा, अंग्रेजीको म्याथम्याटिकल टेबल) परम्परागत दुईदेखि बीससम्म दशले गुणन गर्नेमा सीमित थिएन । गरहन (११ देखि २० सम्म गुणन गर्ने यथा—तेरह बिसन २६०), सबैया (१.२५

ले गुन्ने, १२ सबैया १५), ड्योढा (१.५ ले गुन्ने, १५ ड्योढे साढे २२), हुत्था (१.६२५ ले गुन्ने, एक रूपियाँमा १६ आना एवं एक आनामा चार पैसा हुने जमानामा त्यो उपयोगी मानिन्थ्यो), पौना (०.७५ ले गुन्ने) एवं अढैया (२.५ ले गुन्ने) कण्ठस्थ गरिसकेपछि जोड, घटाउ, गुणा र भाग जस्ता सामान्य हिसाब सहजै सिक्न सकिन्थ्यो । अक्षर र शब्दका लागि गुरुजी मैथिली भाषाको "मनोहर पोथी" पल्टाएर देखाउँथे । हाट-बजारमा घुमन्ते व्यापारीले धार्मिक पोथी र खिस्सा-पेहानीका किताबसँगसँगै पाठ्य पुस्तक पनि बेच्न थालेको सन् १९५२ मा विहार स्कूल एक्जामिनेशन बोर्डको गठनपछि मात्रै हो ।

वर्ग र वर्ण एवं घरेलु शिक्षाको सम्बन्ध पनि उपयोगितामा आधारित थियो । सामान्यतया मधेशी ब्राह्मण समुदायका केटाहरूलाई परिवारिक गुरु-कर्म एवं पुरेत्याइँ गर्नलाई पुग्ने संस्कृत, पात्रो हेरेर चिना बनाउनेसम्मको ज्योतिषीय सीप एवं नाडी हेरेर घरेलु ओखती सुझाउने आयुर्वेदिक ज्ञान अग्रजहरूबाट सिकाइन्थ्यो । भूमिहार, राजपुत एवं यादव जस्ता मधेशी जमिनदारहरूको घरमा बस्ने शिक्षकले मालिकका सन्तानलाई भारतको स्कूलमा साहित्य, दर्शन वा राजनीति पढाउन पठाउने पूर्व तैयारीका रूपमा सामान्य हिन्दी र केही अंग्रेजी पढाउँथे । कायस्थहरूको घर-परिवारमा भाषा र साहित्यभन्दा पनि भूमि व्यवस्थापनको सीप सिकाउन जोड दिइन्थ्यो । खाँतिसँगै गणित पढाइन्थ्यो । सरकारी लिखतलाई नभई नहुने बसहा कागज (नेपाली कागज) आवश्यक आकारमा काट्ने एवं चारैतिर मोड्ने विधि, ध्वाँसोबाट कालो मसी बनाउने प्रविधि, चक्कुले ताछेर बाँसको कर्चीको कलम बनाउने शिल्प एवं सफासँग पुराना दस्तावेजहरूको प्रतिलिपि उतार्ने र खेस्राबाट साफी गर्ने कलामा प्राय: कायस्थ बालकहरू घरमै पोख्त भइसकेका हुन्थे । वैश्य परिवारका केटाकेटीलाई बही-खाता राख्न मिल्ने संकेत, अक्षर एवं अंकको ज्ञान पर्याप्त मानिन्थ्यो । तथाकथित शुद्रले पढने कुरा कल्पना बाहिर हुन्थ्यो । केही मुसलमान केटाकेटी मस्जिदमा भेला भएर मौलवीसँग उर्दू वर्णमालाको "अलिफ, बे, ते" कण्ठ पारेको टोलभरि सुनिन्थ्यो ।

सन् १९५१ अगाडि मध्य-मधेशमा औपचारिक विद्यालय हुँदै नभएका होइनन् । चन्द्र शमशेरकै विर्तावालहरूको बोलबाला भएको सिरहाको चन्द्र मिडिल स्कूल सन् १९१५ मै खुलेको हो । वीरगञ्जको त्रिजुद्ध स्कूल पनि पुरानै हो । तर, पुरानो महोत्तरी (आजभोलि महोत्तरी, धनुषा एवं सर्लाही जिल्लामा बाँडिएको क्षेत्र) जिल्लाभरि स्कूल खोल्ने लहर भने राणाशाही (सन् १८४६–१९५१) अन्त्य भएपछि मात्र शुरू भएको हो । अपवादका रूपमा सभ्रान्तहरूको अग्रसरतामा सन् १९४० को दशकको अन्ततिर खोलिएको जनकपुरको सरस्वती स्कूललाई लिन सकिन्छ (हेर्नुहोस्, तस्बिर ४.१) । त्यस स्कूलको स्थापना प्रक्रियासँग निजी पहलमा सञ्चालित त्यस कालखण्डको सम्भवत: आधुनिक नेपालको सबभन्दा ठूलो परोपकार संस्थाको इतिहास पनि जोडिएको छ ।

तस्बिर ४.१ : सरस्वती माध्यमिक विद्यालय, जनकपुर (स्रोत : लेखक) ।

निरपेक्ष सभ्रान्त

नेपालको औपचारिक इतिहासमा जनकपुरको महत्त्वलाई धार्मिकस्थलका रूपमा सीमित गरिएको छ । तर, दक्षिणमा बंगालको खाडीसम्म फैलिएको गंगा मैदानका घना बस्तीहरू एवं उत्तरतिर चारकोशे झाडी, चुरे पहाड तथा महाभारत शृंखला हुँदै हिमालय एवं तिब्बतको पठारसम्म फैलिएको प्रकृतिक विविधताका बीच वस्तु र सेवा विनिमयको केन्द्र भएकाले जनकपुरको व्यावसायिक महत्त्व धार्मिकभन्दा कत्ति पनि कम थिएन । इष्ट इण्डिया कम्पनी एवं नेपालका राजाबीच सम्पन्न सुगौली सन्धि (सन् १८१६) पश्चात् भने मध्य-मधेशको अर्थ-राजनीतिक नियन्त्रण पूर्ण रूपले गोर्खाली सभ्रान्त एवं वितावालहरूको हातमा गयो । नेपाल उपत्यकामा बसेर मधेशको श्रम र स्रोतको शोषण गर्ने गोर्खाली दरबारका सभ्रान्तलाई स्थानीय व्यक्ति वा संस्थाको क्षमता निर्माणमा रुचि हुने कुरा भएन । इष्ट इण्डिया कम्पनीलाई स्थानीय लेखापढी गर्ने "बाबू" (क्लर्क) एवं ज्यामी नाइके "भैया" (सुपरभाइजर) चाहिएकाले बंगालमा अंग्रेजीको पढाइ शुरू भयो । गोर्खाली वितावाल भने त्यस्तो कामका लागि मधेशमा आफ्ना "बाजे" र "काजी" काठमाडौँ उपत्यका र पहाडबाटै पठाउँथे ।

साम्राज्य वा व्यापारिक आधिपत्यबाट उपनिवेशमा परिवर्तित हुन लाग्दा बसाइँसराइको प्रवृत्तिलाई केन्द्रबाट अधिनस्थ क्षेत्रको दूरी एवं नियन्त्रित भूखण्डको प्राकृतिक अनुकूलताले पनि प्रभावित गर्ने रहेछ । औपनिवेशिक नियन्त्रणका अधिवासी, छाउनी, नायबी एवं साँस्कृतिक उपनिवेशवाद (सेट्लर, क्यान्टन्मेन्ट, सरोगेट एण्ड नियो-कोलोनिअलिजम्) भन्दा गोर्खालीहरूले आन्तरिक उपनिवेशवादको प्रारूप (इन्टर्नल कोलोनिअलिजम्) अंगिकार

गर्न रुचाउनुका पछाडि केही व्यावहारिक कारण छन् । अधिवासी योजना सफल हुन स्रोत-क्षेत्रका जनतामा अधिनस्थ इलाकामा स्थानान्तरित हुने चाहना हुनु पर्दछ । सन् १९६० को औलो उन्मूलन योजनाभन्दा अगाडिसम्म पहाडबाट मधेश झर्न चाहने रैतीहरूको संख्या न्यून थियो । ती बरु पूर्वी पहाडतिर हानिँदै सिक्किम र आसामसम्म पुग्न मन पराउँथे । छाउनी प्रारूप खर्चिलो हुन्छ । सैनिक टुकडीका लागि स-साना शहर नै बसाल्नु पर्छ । अनि आवश्यक सरसामानको नियमित आपूर्ति व्यवस्था सुनिश्चित हुनु पर्छ । नायबी व्यवस्थाले कालान्तरमा समानान्तर सभ्रान्तको पंक्ति बलियो भएर शक्ति सन्तुलन बिथोलिने चुनौती सिर्जना गर्न सक्छ । नव-उपनिवेशवादका लागि चाहिने व्यापारिक, प्राविधिक एवं साँस्कृतिक अग्रता गोर्खालीहरूमा थिएन । भर्खर पहाडबाट झरेका अल्प-शिक्षित शासक वर्गका लागि रैथानेलाई सभ्य बनाउन शासन गर्नु परेको बहाना सावित गर्न सम्भव थिएन । लगानीको तुलनामा अत्यधिक लाभ पाइने भएकाले वितर्वालहरूको आन्तरिक उपनिवेशवादले गर्दा मध्य-मधेशमा भौतिक, सामाजिक वा संस्थागत संरचना विकसित हुन सकेन ।

सन् १९५० भन्दा पहिले जनकपुरका लगभग सबै महल, कोठी, ड्योढी र हवेलीहरू गोर्खाली दरबारका नातेदार, तावेदार एवं वितर्वालका थिए । राजा तारक बहादुर शाह, राजा मान बहादुर सिंह, प्रताप शमशेर, राम शमशेर, गिरी कुल, शर्मा परिवारका साथै केही साहु खलकका माथेमा, श्रेष्ठ र सिंह बाहेक मधेशीहरूमध्ये पिपराका मिश्र, नगरायनका निधि एवं लोहारपट्टीका साहहरू मात्र जनकपुरमा सामान्य किसिमको "दोस्रो घर" राख्न सक्ने हैसियतका थिए । तिनलाई जनकपुरमा स्कूल वा अस्पताल चाहिँदैनथ्यो । मीनपचासको विदामा मधेश झरेका गोर्खाली सभ्रान्तका सन्तान छुट्टी सकिएपछि सीमापारिबाट रेल चढेर सोझै काशी वा कलकत्तातिर हानिन्थे । स्थानीय सभ्रान्तका छोराहरू (छोरीहरूलाई घरमै अक्षर छिचोल्नसम्म सिकाइन्थ्यो) जयनगर, सुरसण्ड, चरौत वा सोनवर्षा स्कूल पुग्थे । सन् १९४७ पछि सीमापारिको स्वतन्त्र हावा दशगजा काटेर उत्तर लागेपछि मात्रै जनकपुरका केही वितर्वाल एवं तावेदार परिवारका युवाहरूमा राजनीतिक महत्त्वाकांक्षासँगै स्कूल खोल्ने जाँगर पलायो । उनीहरूमध्ये कुनै एउटा मात्र परिवारले सहजै आफ्नै स्रोतबाट विद्यालय सञ्चालन गर्न सक्दथ्यो । तर तिनको "चन्दा संकलन" साह्रै कम भएपछि रामस्वरूप एवं रामसागर साहु दाजुभाइको भूमिकाको कथा शुरू हुन्छ ।

धार्मिक प्रवृत्तिका भएकाले साहु दाजुभाइले ३०२ बिघा जग्गा, नगद कम्पनी रु. १०,००१, जिन्सी धान १,१०१ मन एवं सबभन्दा महत्त्वपूर्ण—आफ्नो राइस मिलको वार्षिक आम्दानीको २५ प्रतिशत—छुट्ट्याएर सन् १९४४/४५ तिरै "रामस्वरूप-रामसागर धर्म संस्था" खडा गरेका थिए । यो संस्थाले मन्दिर, धर्मशाला, पोखरी र इनारकासाथै बाटो र पुल निर्माण एवं जिर्णोद्धार गर्थ्यो । भनिन्छ, मधेशी रैतीको घरमा खुट्टा टेक्न समेत हच्किने जनकपुरका पहाडी मूलका भद्र-भलाद्मीहरू एकदिन सखारै साहुजीको

गल्लामा स्कूल खोल्न आर्थिक सहयोगका लागि अनुरोध गर्न पुगे । त्यसपछिको कथा महोत्तरीका गाउँघरतिर लोकप्रिय आख्यानका रूपमा प्रचलित छ । साहुजीले स्कूलको सम्भाव्य लागतबारे जिज्ञासा व्यक्त गरे । प्रतिबद्ध गरिएको चन्दा रकम अनुमान गरिएको लागतभन्दा साह्रै कम देखियो । धर्म संस्थाको सम्पति नचलाई साहुजीले त्यसपछि छुट्टै नगद भरिएको एउटा गँजिया (मुख बाँध्न मिल्ने परम्परागत सुतको थैली) स्कूलको नाममा छुट्ट्याएर एकतिर राखिदिए । सन् १९४८ तिर निर्माण सम्पन्न भएर सञ्चालनमा आएको सरस्वती हाइ स्कूल त्यसै गँजियाको रकमबाट निर्माण भएको हो । भद्रभलाद्मीको चन्दाको रकमबाट छात्रावास निर्माण भयो ।

स्कूलका लागि छुट्ट्याइएको गँजियामा त्यसपछि पनि उल्लेख्य रकम बाँकी रहेकाले साहुजीले आफ्नी आमाका नाउँमा "सकल भवन कन्या विद्यालय" पनि स्थापना गरे । कन्या विद्यालय स्थापना सम्बन्धी अर्को एउटा आख्यान पनि प्रचलित छ । सरस्वती स्कूलको निर्माण पूरा भएपछि साहुजीकि आमा सकलीदेवीले आफ्ना छोराहरूले भनिन्, "छोराहरूका लागि त स्कूल बनायौ, अनि छोरीहरू सधैँ निरक्षर नै रहने ?" नाजवाफ छोराहरूलाई कन्या विद्यालयसँग प्रश्नकर्ता आमाको नाम जोड्न उपयुक्त लागेको हुन सक्दछ । सार्वजनिक अग्रसरतामा मधेशतिर खोलिएका अधिकांश स्कूलको स्रोत व्यवस्थापन प्रारूप—मुख्य दाताको दानशीलता—सरस्वती हाइ स्कूलबाट नै सिकिएको हुनु पर्छ ।

सन् १९४० को दशकमा मधेशका केही सभ्रान्त युवाहरूमा राजनीतिक चेतना एवं संगठन गर्ने चाहना बढेको त देखिन्छ, तर आफ्नो क्षमता अनुसार स्रोत लगानी गर्ने जोखिम भने बहुत कम व्यक्ति लिन तयार हुन्छन् । सत्ताले जुनसुकै बेला हुर्मत लिने डरले मधेशी मूलका सम्पन्न व्यक्ति आफ्नो वास्तविक हैसियत उजागर गर्न हच्कन्थे । केही सम्पन्न मधेशी जमिनदार सीमापारिका शहरहरूमा वैकल्पिक घर कायम राख्न बाध्य थिए, किनभने यतापट्टि ज्यान, धन र मान केही पनि सुरक्षित थिएन । पहाडी मूलका वितर्वाल एवं सरकारी जागिरको बलमा जग्गा-जमिन जोडेका जमिनदारहरूमा आफ्ना मधेशी रैतीप्रति दुर्भाव बाहेक केही थिएन । तिनले स्कूल र अस्पताल खोल्ने कुरा भएन । सन् १९४७ पछि गति लिन थालेको राणाशाही विरुद्धको आन्दोलनले मात्र मधेशी एवं पहाडी मूलका आकांक्षी सभ्रान्त (इमर्जेन्ट एलिट) बीच उद्देश्यको ऐक्यबद्धता स्थापित गरेको हो । राजनीतिक उद्देश्य प्राप्तिका लागि सामाजिक जागरण पनि आवश्यक देखिएपछि सके औपचारिक नभए अनौपचारिक शैक्षिक विस्तारको आवश्यकता महशुश हुन थाल्यो । स्रोत पहिचान र परिचालन महत्त्वपूर्ण बन्न पुग्यो ।

अग्रसरताको अवधि (सन् १९५१–१९६०)

महोत्तरीको सदरमुकाम भए पनि जलेश्वरमा हाइ स्कूल खुल्न सक्ने वातावरण राणाशाहीको अन्तपछि मात्र सम्भव भयो । अपेक्षाकृत शिक्षित मानिने सुगा भवानीपट्टीको "दलान

पाठशाला" पनि औपचारिक विद्यालयका रूपमा सञ्चालन हुन थाल्यो । यस्ता सबै प्रयत्न जनस्तरको अग्रसरताबाट सम्भव भएको थियो । लक्ष्मी र चण्डी नाम गरेका मुरारका थरका मारबाडी दाजुभाइ सामान्य कपडा पसले थिए । जलेश्वरको पहिलो स्कूल तिनको नाउँमा स्थापित छ (हेर्नुहोस्, तस्बिर ४.२) । पारि मधवापुर जान सहज भएकाले मटिहानी बजारमा आधुनिक किसिमको स्कूलको आवश्यकता धेरैपछि मात्र पहिचान गरिएको हो । जनकपुर नजिकै बभनगामाको एकताका आफ्नो गुणस्तरका लागि प्रतिष्ठित कन्टिर झा माध्यमिक विद्यालय पनि दाताकै उदारताबाट अस्तित्वमा आएको हो । आफ्नो वा परिवारको नाउँ जोडिने भएकाले सम्भाव्य दाताहरू मन्दिर र धर्मशाला जस्तै स्कूलका लागि भवन बनाइदिन अपेक्षाकृत सहजै तयार हुन्थे । गाउँ देहाततिर नियमित तवरले विद्यालय सञ्चालन गर्ने स्थाई स्रोतको जोहो गर्न भने सहज थिएन । त्यस्तो स्रोत व्यवस्था गर्ने अभियानसँग जोडिएका एकजना सन्यासीको कथा अब किंवदन्तिमा मात्र बाँकी छ ।

तस्बिर ४.२ : लक्ष्मी चण्डी मुरारका माध्यमिक विद्यालय, जलेश्वर (स्रोत : लेखक) ।

कायस्थ कुलका सन्यासी राम लखन दास उर्फ बाबा दास कहाँबाट आएका थिए एवं सन् १९६० पछि उनि कहाँ हराए, कसैलाई थाहा छैन । उनको उत्प्रेरणाको स्रोत पहिल्याउन झनै गाह्रो छ । उनको योगदानको अभिलेख पनि मौखिक परम्परामा सीमित छ । तर, सन् १९५० को दशकमा तात्कालिक महोत्तरी-सर्लाही गोश्वारा (अहिलेको महोत्तरी, धनुषा एवं सर्लाही जिल्ला) भूखण्डभित्र स्कूल सञ्चालन-विस्तारमा उनको भूमिका महत्त्वपूर्ण थियो । बाबा दासको कार्य प्रणाली (मोडस ओपरान्डी) भने समय सुहाँउदो भएकाले अत्यन्त

सफल ठहरिएको थियो । भनिन्छ, उनी स्कूल नभएको गाउँका सबभन्दा धनीमानीको हबेलीका अगाडिको चौरमा आफ्नो खन्ती (गल) भुइँमा ठड्याउँथे । गल ठड्याउनुलाई केही सन्यासी परम्परामा प्रण लिएको प्रमाण मानिन्छ । र, त्यसपछि गाउँमा स्कूल खोल्ने प्रतिबद्धता नआएसम्म अन्नजल त्याग गरेको घोषणा गर्दथे । कथंकदाचित सन्यासीको मृत्यु हुन गएमा पापको भागी होइने डर एवं सरकारी झमेलाको सन्त्रासले गर्दा सक्नेहरू अग्रसर भएर स्कूल सञ्चालनका लागि स्रोत जुटाउन तयार हुन्थे । यकिन तथ्यांक कसैसँग छैन, तर बर्सेनि कम्तिमा एउटा स्कूलको दरले एक दशकभित्र उनको पहलमा झण्डै एक दर्जन स्कूल खोलिएको कुरा पुरानियाँहरू सुनाउने गर्छन् ।

कायस्थको बौद्धिक अग्रसरता एवं सुडीहरूको भौतिक योगदानसँग यी दुई जातिको अपेक्षाकृत "दोयम सामाजिकता" पनि जोडिएको छ । हिन्दू वर्ण व्यवस्थाको ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र विभाजनमा नअटाएका कायस्थहरू परम्परागत राज्य व्यवस्थासँग जोडिएकाले शैक्षिक हिसाबमा अग्रस्थानमा रहँदै आएका छन् । मधेशको तथाकथित चार "बड्का" जात (कायस्थ, ब्राह्मण, राजपुत र भूमिहार) मा तिनको गणना हुन्छ । तर, ब्राह्मण र क्षत्रिय समुदायले तिनलाई आफूसरह मान्दैनन् । शिक्षाले गर्दा तिनको सामाजिक अवस्थिति भने सुदृढ छ । सायद त्यसैले शिक्षाको प्रसारमा तिनको भूमिका महत्त्वपूर्ण छ । जनकपुरको गंगाधर दत्त एवं जलेश्वरका सभापति दास सबभन्दा प्रचलित नाम भए पनि सन् १९५० देखि सन् १९७० दशकको प्रारम्भसम्म मधेशका प्राय: स्कूलका प्रधानाध्यापक कायस्थ कुलका हुने गर्दथे । जातीय असुरक्षा भाव सुडीहरूको पनि कम छैन । धेरै जसो खाद्यान्न (धान, गहुँ, मकै, दलहन र तेलहन) व्यापारमा संलग्न हुने भएकाले कृषि अर्थव्यवस्थामा अन्य खुद्रा पसलेभन्दा तिनको स्थान बढी हुन्छ । तर, गाउँघरतिर ब्याजमा कर्जा दिने कारोबार पनि गर्ने भएकाले गर्दा तिनको छवि खासै उज्यालो भने हुँदैन । परोपकार तिनका लागि आफ्नो आर्थिक हैसियत अनुसारको सामाजिक सम्मान हासिल गर्ने सहज तरिका हो ।

एकताका अधिकांश प्रधानाध्यापक कायस्थ भए जस्तै धेरैजसो स्कूलका प्रमुख दाता सुडी समुदायका भएकाले "वर्ग विभाजन" ले गर्दा अवसर केही सीमित भए पनि सन् १९५० को दशकदेखि नै दलित समुदाय बाहेक शिक्षामा पहुँच पाउनेहरूमा "वर्ण भेद" को असर सीमापारि जत्तिको टड्कारो मधेशमा देखिँदैनथ्यो । स्कूलमा दलितको प्रवेशमा औपचारिक बन्देज नभए पनि औपचारिक शिक्षामा तिनको उपस्थिति नगण्य जस्तै हुन्थ्यो र ३-४ कक्षापछि त्यो पनि शून्यमा झर्थ्यो । दलित समुदायलाई शिक्षामा समावेश गराउने इच्छाशक्तिको अभाव एवं सकारात्मक विभेदको अवधारणा सामाजिक सभ्रान्तमा अनुपस्थित रहेकाले अति विपन्न अवस्थामा रहेका दलित विद्यार्थी थोरै मात्र देखिन्थे । मुसलमान समुदायका किसान एवं व्यापारी वर्गका केटाकेटीहरू स्कूल पुग्थे भने धोवी वा बुनकर परिवारका बच्चाहरूको शिक्षा स्थानीय मस्जिदसँग जोडिएको मदरसाबाट शुरू भएर त्यहीँ

समाप्त हुन्थ्यो । दशगजापारि "पिछडा" भनिने यादवहरू मधेशतिर जमिनदार थिए भने सुडीहरू स्थानीय साहु-महाजनमा पर्दथे । तिनको शैक्षिक अवस्थिति केही "बड्का" भनिने जातिभन्दा कम थिएन । आर्थिक हैसियत भएका "सोलकन्ह" भनेर होच्याइने जातिका विद्यार्थीहरू माध्यमिक विद्यालयसम्मको कक्षा कोठामा बहुमतमा हुने गर्दथे ।

स्कूलको भवन निर्माणसँगै नियमित सञ्चालन खर्च चलाउन खेतीयोग्य जग्गा दान दिने चलन थियो । तर, मध्य-मधेशमा सिँचाइको व्यवस्था अहिलेसम्म त न्यून छ भने सन् १९५० को दशकमा त्यो शून्य बराबर थियो भन्दा फरक पर्दैन । सुख्खा र बाढीले बालीनाली नाश भएपछि बटैया कमाउनेले अधियाँ बुझाउन सक्दैनथे । त्यस्तो बेलामा स्कूलको मुख्य दाता एवं सञ्चालक समितिका गण्यमान्य सदस्यहरूले पटके सहयोग गर्नु पर्ने हुन्थ्यो । तर स्कूलले समेत आफ्नो स्वामित्वको जग्गाको कुत भने माल अड्डामा नियमित रूपमा बुझाउनु पर्थ्यो । शुल्क भने न्यूनतम तोकिएको हुन्थ्यो । शिक्षाको समुदायीकरणको मुख्य जोड स्कूलको उपलब्धतामा एवं शिक्षकको आपूर्तिमा थियो । सन् १९५० को दशकको अन्त्यतिर हुनु पर्छ, वैदेशिक सहयोगबाट केही सरकारी प्राथमिक विद्यालय खुल्न थालेका थिए । तिनलाई "निःशुल्क स्कूल" भनिन्थ्यो । सन् १९७० को दशकमा पछि नयाँ शिक्षा योजना लागू भएपछि स्कूलहरूको सरकारीकरण गरियो र तिनको स्वतन्त्र अस्तित्व समाप्त भयो ।

औपचारिक शिक्षाको पाठ्यक्रम प्रारूप भने बंगालको "म्याट्रिकुलेशन सिलेबस" अनुकुल राखिएको थियो, किनभने स्कूल सक्काएपछि उच्च शिक्षाका लागि सीमापारि जानुपर्ने बाध्यता थियो । अंग्रेजीको "प्रोज सेलेक्शन" र "पोएट्री सेलेक्शन," नेसफिल्ड ग्रामर; गणित विषयका लागि जादवचन्द्र चक्रवर्तीको "अरिथ्मेटिक" र केपी बसुको "अल्जेब्रा" तथा भाषाको हकमा "ओरिएन्टल ल्यांग्वेजेज" मध्ये ठाउँ अनुसार हिन्दी, उर्दू, बंगाली वा नेपाली जस्ता विषयमध्ये रोज्न पाइन्थ्यो । सन् १९६० को दशकसम्म पनि मधेशमा कमोवेश सोही पाठ्यक्रम कायम थियो ।

समरूपीकरण अभियान (सन् १९६०–१९७०)

शिक्षाको मानकीकरण (स्ट्यान्डर्डाइजेशन) एवं समरूपीकरण (होमोजिनाइजेशन) रूपमा उस्तै देखिए पनि सारभूत तवरले भिन्दाभिन्दै अवधारणाहरू हुन । मानकीकरणले विविधता बीचका समानताहरूलाई सम्मान गर्दछ भने समरूपीकरणको प्रक्रिया वर्चस्ववादी समूहका मान्यताहरूलाई मानक बनाउने तरिका हो । परिवर्तनको उद्देश्य र दिशा फरक भए पनि प्रतिक्रान्ति पनि एक किसिमको क्रान्ति नै हो । सन् १९५१ को प्रजातान्त्रिक आन्दोलनमा राणाशाहीको अन्त्य गरेर प्रजातान्त्रिक प्रक्रियाद्वारा समाजवादको अर्थराजनीति मार्फत सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प लिइएको थियो । सन् १९६० को शाही-सैनिक

सत्ता-पलट मार्फत राजा महेन्द्रले राजशाहीको वर्चस्व स्थापित गरेर "देश विकास" गर्ने सपना देखाए। सामाजिक न्यायको कार्यनीतिमा नागरिकका असहमति, आवाज र प्रतिरोध गर्ने अधिकारहरू महत्त्वपूर्ण हुन्छ। अधिनायकवादले प्रजाको समर्थन, मौनता एवं बफादारी देखाउने कर्तव्यलाई सर्वोपरी ठान्छ। एक समान शिक्षा मार्फत रैतीहरूलाई समाहित (एसिमिलेट) गरेर तिनलाई सत्ताप्रति प्रतिबद्ध बनाउन सकिन्छ भन्ने कुरा जापानी बौद्ध भिक्षु इकाई कावागुचीले आफ्ना "मित्र" चन्द्र शमशेरलाई पत्र लेखेर सन् १९१२ तिर नै सुझाएका थिए। सोही कुरा अझ बढी तार्किक तवरले केही अमेरिकी सल्लाहकारहरूले सम्भाव्य आर्थिक सहयोगको प्रलोभनका साथ प्रस्तुत गर्दा अधिनायक महेन्द्रले शिक्षाको राष्ट्रियकरणको शुरूआत पाठ्यक्रममा एकरूपता ल्याउने अभियानबाट आरम्भ गरे। सन् १९६० को मध्यतिर हुनु पर्दछ, शिक्षकहरूको न्यूनतम योग्यता तोक्ने अधिकार सञ्चालक समितिबाट खोसिएर शिक्षा विभागमा पुऱ्याइयो। कम्तिमा एक विषय नेपाली सबै विद्यार्थीले पढ्नै पर्ने भयो। स्कूल सञ्चालक समितिको अध्यक्षता दाता परिवारको व्यक्ति वा स्थानीय शिक्षाप्रेमी गणमान्य व्यक्तिको साटो जिल्लाको बडा हाकिम वा उनका प्रशासकीय प्रतिनिधिले गर्ने प्रचलन स्थापित गरियो। चन्दाबाट सञ्चालित केही निम्न माध्यमिक विद्यालय (मिडिल स्कूल) प्राथमिक बनाइए एवं ६ र ७ कक्षालाई नजिकको माध्यमिक विद्यालयमा गाभियो। यस प्रक्रियाले नयाँ शिक्षा योजना लागू भएपछि थप गति पाएको हो। सरकारी अनुदान पाउने स्कूलहरूमा अक्षरारम्भदेखि नै नेपाली भाषाको पाठ्य पुस्तक प्रयोग गर्नुपर्ने भयो।

सन् १९६५ मा लागू गरिएको भूमिसुधार कार्यक्रमबाट जमिनदारी प्रथाको उन्मूलनले सामुदायिक विद्यालयहरूको आर्थिक प्रबन्धन पनि अछुतो रहन सकेन। केही ठाउँमा हदबन्दीको डरले गर्दा जमिनदारहरूले स्कूलको नाउँमा नामसारी गरेर जग्गा जोगाएको कुरा सुनिन्थ्यो। समग्रमा भने स्कूलका जिन्सी चन्दादाता रहने गरेका ठूला किसानहरूको हैसियत खस्किएपछि त्यसको असर धान र चामल उठाएर दैनिक खर्च धान्ने स्कूलहरूमा नकारात्मक हुन पुगेको थियो। जग्गा व्यवस्थापनको गञ्जागोलकै बीच सन् १९६५ देखि सन् १९६७ सम्म लगालग तीन वर्षसम्म मध्य-मधेशमा अनिकालले गर्दा धानको उब्जनीमा उल्लेख्य कमी आएको थियो। राजाको प्रत्यक्ष शासन बदनाम हुने डरले स्थानीय प्रशासनले भूखमरीको तथ्यांक संकलन समेत गरेन। एकतिर तारन्तार अनिकालको मार र अर्कोतिर नव-गठित गाउँ पञ्चायतको अनिवार्य वचत संकलनको दोहरो मारमा परेका मध्यम वर्गीय किसानहरूको हालत पनि बिग्रेको थियो। परिआएको बेला सहयोग गर्ने जमिनदार एवं नियमित शुल्क तिर्ने कृषकले सँगसँगै साथ छोड्न थालेकाले सन् १९६० को दशकको अन्तसम्म आइपुग्दा जनकपुरको सरस्वती वा जलेश्वरको लक्ष्मी चण्डी मुरारका हाइ स्कूल जस्ता अपेक्षाकृत स्रोतसम्पन्न शहर-बजारका स्कूललाई गणना नगर्ने हो भने अन्य सबैजसो

सामुदायिक विद्यालयका सञ्चालकहरू "सरकारीकरण" अभियानको विरोध गर्न नसक्ने अवस्थामा पुगिसकेका थिए ।

शिक्षाको आधुनिकीकरणको नाउँमा पाठ्यक्रमको एकरूपता सँगसँगै पढाइको माध्यम अनिवार्य रूपमा नेपाली हुनुपर्ने नियम पनि लगाइयो । त्यस निर्णयको कार्यान्वयन भने सहज थिएन । एकाध अपवाद बाहेक लगभग सबै शिक्षक सीमापारिका शिक्षण संस्थाहरूका उत्पाद थिए । संस्कृत शिक्षाको पृष्ठभूमि भएका भाषा शिक्षकलाई समेत अनिवार्य नेपाली विषय पढाउन कठिन थियो भने अन्य विषय नेपालीमै पढाउने कुरै उठ्दैनथ्यो । नेपाली सँगसँगै संस्कृत भाषाको पठन-पाठन कक्षा ६ देखि नै अनिवार्य भयो । सन् १९६० को अन्त्यतिर नै पीस कोरका स्वयंसेवी शिक्षक मधेशका स्कूलतिर विज्ञान र अंग्रेजी पढाउन पुग्न थालेका थिए । ती शिक्षा प्रसारका अमेरिकी स्वयंसेवीहरू अमेरिकादेखि नै नेपाली भाषा सिकेर आउँथे, काठमाडौँमा "नेपाली जीवनशैली" बारे तालिम लिन्थे, र मधेशका स्कूलहरूमा पुगेर स्थानीय भाषा एवं संस्कृतिसँग अनभिज्ञ दर्शक र अनपयुक्त सहभागी ठहरिन्थे । अमेरिकी सहयोगमा सञ्चालित काठमाडौँको कलेज अफ एजुकेशनले आयोजन गर्ने "नर्मल तालिम" ले अरू केही नगरे पनि मधेशका शिक्षकहरूलाई टाकन-टुकन नेपाली बोल्न भने सिकाउन थालेको थियो । सन् १९४० को दशकमा जन्मिएको मधेशीहरूको पुस्ता मधुवनीको आरआर, दरभंगाको सीएम, सितामढीको गोयन्का, मुजफ्फरपुरको एलएस तथा मोतिहारीको एमएस कलेजबाट पढेर आउन शुरू भएको थियो । नेपाली भाषामा जाँच दिएर सरकारी सेवामा प्रवेश गर्ने सम्भावना तिनका लागि लगभग बन्द थियो । तिनले सुस्तरी मधेशका स्कूलहरूबाट भारतीय शिक्षकलाई विस्थापित गर्दै लगे । मध्य-मधेशका स्कूलहरूमा पञ्चायती राजनीतिको विरोध गर्ने संस्कृतिलाई सम्भवत: उत्तर विहारका गतिशील कलेजबाट पढेर आएका मधेशी युवाहरूले नै मलजल गरेको हुनु पर्दछ ।

सन् १९६० को अन्तसम्म आइपुग्दा गणित र विज्ञान बाहेक लगभग सबै विषयको पुस्तक नेपाली भाषामा पाइन थालेको थियो । पाठ्य पुस्तक खरिद गर्न साप्ताहिक हाट-बजार कुर्ने बाध्यता जिल्ला सदरमुकामहरूमा पुस्तक पसल खुल्न थालेपछि कम भएको थियो । अंग्रेजी भाषाकै संशोधित पाठ्यक्रममा हृषिकेश शाहको *हिरोज एण्ड बिल्डर्स अफ नेपाल* पुस्तक थपिएको थियो । भूगोल र इतिहासबारे पनि नेपाली भाषाका पुस्तक उपलब्ध हुन थालेको थियो । अंग्रेजी भाषा शिक्षाको अभिन्न अंग रहेको अनुवादको अभ्यास परम्परागत रूपमा हिन्दीबाट अंग्रेजीमा गर्ने गरिन्थ्यो । नेपालीबाट अंग्रेजीमा उल्था गर्ने अभ्यास पुस्तकको उपलब्धतापछि त्यो बाध्यता पनि समाप्त भयो । एसएलसीको जाँचमा अंग्रेजी वा नेपाली भाषा ज्ञानको अभावले गर्दा फेल हुनेहरूको संख्या सन् १९७० पछि कम हुँदै गएको हुनु पर्दछ । सन् १९७२ मा निधन हुनु अगाडि राजा महेन्द्रले "नयाँ शिक्षा योजना" मार्फत चेतनशील नागरिकको साटो प्रतिबद्ध प्रजा उत्पादन गर्ने "राष्ट्रिय शिक्षा

पद्धतिको योजना" को आधारशीला तयार गरिसकेका थिए । त्यसका साथै जागरुकता विस्तारले गर्दा मध्य-मधेशका स्कूलहरू प्रतिरोध-स्थलको रूपमा पनि विकसित हुँदै गैरहेका थिए । एकतिर गाउँ फर्क राष्ट्रिय अभियान मार्फत पञ्चायतका बफादार कार्यकर्ताहरू तयार भइरहेका थिए भने अर्कोतिर भारतीय कलेजमा पढ्ने युवाहरू हरेक छुट्टीमा मुठ्ठाका मुठ्ठा प्रजातान्त्रिक पर्चा ल्याएर स्कूलहरूमा बाँड्थे । सन् १९७१ मा बंगलादेशको स्वतन्त्रतापछि सीमापारिको राजनीतिमा प्रधानमन्त्री इन्दिरा गान्धीको वर्चस्व स्थापित भयो । त्यसको असरले गर्दा राजनीतिक गतिविधिको सार्थकता पनि देखिन थाल्यो । सन् १९७० को दशकमा मध्य-मधेशका स्कूलहरू सुषुप्त राजनीतिक द्वन्द्व-स्थलमा परिणत भए ।

राजनीतीकरणको दशक (सन् १९७०–१९८०)

सन् १९६० को दशकलाई विद्यालय शिक्षाको सरकारीकरण अनि त्यसपछिका शुरूआती वर्षहरूलाई तीव्र राजनीतीकरणको कालखण्ड भन्न सकिन्छ । सन् १९७२ देखि प्रारम्भ गरिएको नयाँ शिक्षा भनिने राष्ट्रिय शिक्षा पद्धतिको योजना खासमा सत्ताप्रति बफादार एवं "राजनीति-मुक्त" प्रजा उत्पादन गर्ने कार्यक्रम थियो । यथार्थमा "राजनीति-मुक्त" भन्दा ठूलो राजनीति अरू केही हुँदैन; त्यस्तो कार्यक्रमका पछाडि यथास्थितिलाई झनै मजबुत बनाउने रणनीति लुकेको हुन्छ । एकतिर पञ्चायत तालिम केन्द्रहरूले "व्यवस्था सुहाउँदो" कार्यकर्ता उत्पादन गरिरहेका थिए भने अर्कोतिर प्रतिबद्ध शिक्षक तयार गर्ने जिम्मा "कलेज अफ एजुकेशन" लाई दिइएको थियो । दुवै उपक्रम अमेरिकी सहयोगमा सञ्चालित थिए । सन् १९७० दशकको शुरूआतसम्म पनि प्रधानाध्यापकको अनुमति बेगर प्रहरी विद्यालय परिसरभित्र छिर्ने हिम्मत गर्दैनथ्यो । त्यस्तो परम्परा सन् १९७१ मा राष्ट्रिय पञ्चायतको निर्वाचनमा "स्नातक प्रवर्ग" बाट रामराजा प्रसाद सिंह उम्मेदवार भएपछि तोडियो । मध्य-मधेशको प्रतिष्ठित स्कूलको कक्षा कोठा भित्रबाट उनको पर्चा बाँड्न सक्रिय विद्यार्थीहरूलाई प्रहरीले कुटपिट गर्दै बाहिर लगेका थिए ।

राष्ट्रवादी विद्यार्थी मण्डल भनिने सत्ताआबद्ध लडाकू दस्ताले जिल्ला सदरमुकामहरूमा साइनबोर्ड झुण्ड्याएका भए पनि ती खासै क्रियाशील थिएनन् । काठमाडौँमा सन् १९७० मा नेपाल विद्यार्थी संघको स्थापना भइसकेको भए तापनि मधेशका स्कूलहरूमा उसको गतिविधि सीमित थियो । अखिल भनिने वामपन्थी छात्र संगठनहरूको सक्रियता पनि जनकपुरको कलेज बाहिर खासै पुगेको थिएन । सन् १९७२ देखि नयाँ शिक्षा योजना लागू गर्नासाथ त्यसको विरोध पनि सँगसँगै जस्तो शुरू भयो । सन् १९७२ को सेप्टेम्बरमा सामान्य विरोध प्रदर्शन दमन गर्ने क्रममा यदुकुहा स्कूल पढ्ने हडबाडा गाउँका कामेश्वर मण्डल एवं मुरीवाका कुशेश्वर यादव प्रहरीको गोली थापेर शहीद भए (नेपाली काँग्रेससँग सम्बद्ध केही व्यक्तिहरू असोज १ का दिन "कामेश्वर-कुशेश्वर" जोडीलाई सम्झिने गर्छन्) र कैयौँ

घायल पनि भए। अपेक्षाकृत कम राजनीतीकरण भएका धनुषाका सीमावर्ती क्षेत्र त्यसपछि आन्दोलित भए। सत्ताले पनि राष्ट्रवादी स्वतन्त्र मण्डललाई परिचालन गर्दै स्कूलसम्म पहुँच पुऱ्याउन शुरू गरिसकेको थियो। सन् १९७३ मा भारतको सीमाक्षेत्रतिर स्व-निर्वासनमा रहेका बेला नेपाली काँग्रेसका विस्तारक एवं प्रचारक सरोज प्रसाद कोइरालाको हत्या भयो। नेपालको सत्ताले उनको हत्या गराएको कुरा प्रचारित भएपछि "मण्डले, अखिले र संघे" छात्र नेताहरू विद्यार्थी "रंगरूट" भर्तीका लागि स्कूलहरूमा झन् पुग्न थाले। सन् १९७५ मा राजा वीरेन्द्रको राज्याभिषेक एवं सिक्किमको संसद्ले त्यहाँका छोग्याललाई सिंहासनबाट पदच्यूत गरेर भारतमा विलय हुने घोषणा गरेपछि मधेशतिर "मण्डले" एवं "अखिले" समूहहरूबीच "अघोषित एकता" जस्तै भयो। उग्र राष्ट्रवादको उन्मादले गर्दा स्कूलहरूको पठन-पाठन प्रभावित हुन थाल्यो। एकतिर नेपालमा सरकारी प्रोत्साहन मार्फत स्कूलको विस्तार र अर्कोतिर हुनेखानेले आफ्ना सन्तानलाई सुरक्षित वातावरणमा पढाउन सीमापारिको विद्यालयमा पठाउने विसंगतिले सन् १९७० दशकको अन्योललाई दर्शाउँछ।

राष्ट्रवादका नाउँमा मण्डले र अखिलेबीच कायम हुन गएको अघोषित एकताको असर विद्यार्थी राजनीतिमा मात्र नभएर शिक्षकहरूका गतिविधिमा समेत देखिन थाल्यो। सन् १९७१ पछि जिल्ला शिक्षा कार्यालय मार्फत शिक्षक भर्ती हुने गरेकाले मध्य-मधेशका स्कूलहरूमा कम्तिमा संस्कृत एवं नेपाली पढाउने गुरुहरू पहाडी ब्राह्मण हुने चलन शुरू भइसकेको थियो। संस्कृत शिक्षक राजतन्त्रका प्रशंसक हुने गर्दथे। नेपाली पढाउनेहरूमा विश्वविद्यालयको "बुर्जुवा शिक्षा बहिष्कार" गरेर गाउँ-शहर पसेका झापाली राजनीतिको अग्रदस्ताका युवाहरूको बाहुल्य थियो। अंग्रेजी र विज्ञानका शिक्षक प्रजातन्त्रवादी हुन्थे। तिनको प्रोत्साहनको असर स्कूल सञ्चालनको गतिविधिमा पनि झल्किन्थ्यो। पठन-पाठनलाई राजनीतिले थिच्दै लगेपछि भारतीय प्रधानाध्यापक एवं अन्य शिक्षकहरू निरीह देखिन्थे।

सन् १९७० दशकको शुरूदेखि नै पाठ्यक्रम पनि सुस्तरी "राष्ट्रवादी" बन्दै गइरहेको थियो। पञ्चायत विषय अनिवार्य पढ्नु पर्ने भयो। पहिले शिक्षकको अभाव देखाएर "ओरिएन्टल ल्यांग्वेज" समूहबाट उर्दू भाषा हटाइयो। त्यसपछिको पाठ्यक्रम संशोधनपछि नेपाली बाहेक अरू भाषा पढ्न पाउने विकल्प समाप्त भयो। अमेरिकी सहयोगमा सञ्चालित "साइन्स टिचिङ इनरिचमेन्ट प्रोग्राम" (स्टेप) कार्यक्रमका नाउँमा पाठ्यपुस्तक पढाइनुको साटो प्रयोगशालामा देखाएर सिकाउने प्रयोग प्रारम्भ भयो। स्कूलका धेरैजसो विद्यार्थीहरू घरबाट आउजाउ गर्थे। छात्रावासमा बस्नेहरूको संख्या अत्यन्त सीमित थियो। एक दिन अनुपस्थित भए पनि "स्टेप" कार्यक्रमको पाठ बुझ्न सकिन्नथ्यो। गणितको संशोधित पाठ्यक्रमलाई विद्यार्थी-मैत्री बनाइएको भनिएको भए तापनि त्यसका लागि चाहिने विशेष दक्षता भएका शिक्षकहरूको अभाव थियो। पढ्ने र लेख्नेभन्दा अंग्रेजी भाषाको

व्यावहारिक ज्ञान दिने उद्देश्यका साथ उत्पादित पुस्तकहरूमा पाठ्यसामग्रीभन्दा अभ्यास तालिका बढी हुन्थ्यो । संशोधित पठन विधिको कार्यान्वयनका लागि "टिचिङ इङ्लिश एज अ फरेन ल्यांग्वेज" (टीईएफएल) तालिम लिन काठमाडौँ जानु पर्ने हुन्थ्यो । निम्न माध्यमिक एवं प्राथमिक स्तरका शिक्षकहरूलाई तालिम दिने व्यवस्था भने वीरगञ्जमा भइसकेको थियो । केही समयपछि शिक्षा शास्त्रको औपचारिक पढाइ पनि वीरगञ्जमै शुरू भयो । नयाँ पाठ्यपुस्तकलाई पुरानै पारामा प्रयोग गर्दा विद्यार्थीहरूको भाषा ज्ञान बलियो बन्नुको साटो कमजोर हुन थालेको हो ।

सन् १९७४ देखि त्रिभुवन विश्वविद्यालयका स्नातकोत्तर तहका विद्यार्थीहरूले एक वर्ष दुर्गम गाउँमा बसेर काम गर्ने "राष्ट्रिय विकास सेवा" (छोटकरीमा राविसे वा एनडीएस) शुरू भयो । यी विद्यार्थीको एउटा मुख्य काम गाउँको विद्यालयमा पढाउनु हुन्थ्यो । स्नातकोत्तर तहका खास गरेर छात्राहरूले विकट पहाडको साटो आउजाउका हिसाबले अपेक्षाकृत सहज मध्य-मधेशका गाउँ र बजारहरू रोज्ने भएकाले स्थानीय समुदायमा सकारात्मक असर परेको हुन सक्दछ । नेपाली माध्यमको प्रयोगमा हिचकिचाहट केही कम भयो । काठमाडौँबाट प्रकाशित नेपाली अखबार र पत्रिका स्कूल परिसरमा देखिन थाले । केटीहरूलाई स्कूल पठाउने चलनलाई गति दिनुमा पनि राविसेका छात्राहरूको उदाहरणले केही भूमिका निर्वाह गरेको हुनु पर्दछ । राम्रो मनसायले राविसे कार्यक्रमका युवाहरूले केही कमजोर विद्यार्थीहरूलाई जाँचको तयारीका लागि डेरामा बोलाएर नि:शुल्क पाठ सिकाउने अभ्यास शुरू गरेका थिए । त्यस्तो अभ्यासको अनपेक्षित असर एवं "होम स्कूलिङ" परम्पराको रहलपहल प्रभावले गर्दा होला, केही धनीमानी परिवारका विद्यार्थीहरू माझ अपवाद जस्तो रहने गरेको "ट्यूशन" प्रथा सन् १९८० पछि एसएलसी जाँच अगाडिको आवश्यकता जस्तो बन्न गयो ।

शिक्षाको सरकारीकरण एवं राजनीतीकरणको सबभन्दा ठूलो दुष्प्रभाव ग्रामीण उत्पादन प्रणालीमा देखियो । मंसिरको अन्त्यतिर स्कूलको जाँच सकिएपछि जाडो बिदा हुन्थ्यो । ढुक्कसँग घर बसेका विद्यार्थीहरू आफ्ना कृषक अभिभावकलाई धान बाली काट्न, दाइँ गर्न र उब्जनी भित्र्याउन सघाउँथे । चैतदेखि जेठको प्रचण्ड गर्मीमा बिहान कक्षा सञ्चालन हुन्थ्यो । दिउसो आँप-गाछीतिर वस्तुभाउ लिएर जान केटाकेटीलाई फुर्सद हुन्थ्यो । जेठमा अर्ध-वार्षिक परीक्षा सकिएपछि विद्यार्थी मात्र नभएर शिक्षकहरू समेत दुई महिनाका लागि धान रोपाइँ गर्न गाउँ फर्किन्थे । बाढीको मौसममा डुबेका बाटाहरू पार गरेर स्कूल पुग्ने बाध्यता पनि हट्थ्यो । नयाँ शिक्षा योजना लागू भएपछि शैक्षिक क्यालेण्डरमा समेत एकरूप कायम गर्न खोजिएकाले स्थानीय मौसमको चक्रसँग जोडिएको स्कूलको समयावली बिथोलियो । बर्खे विदामा कृषि कर्म गर्ने स्थानीय शिक्षक र विद्यार्थी त्यस्तो गर्न नसक्ने भए । स्थानीय जीवन पद्धति एवं स्कूलको सञ्चालनका बीच तादात्म्य कायम

रहन नसकेपछि त्यसको नकारात्मक असर पठन-पाठनमा पनि देखियो । बर्खाभरि मधेशका गाउँतिर विद्यार्थीको मात्र होइन, शिक्षकको उपस्थिति समेत घट्छ । एकतिर व्यावसायिक शिक्षा भनेर कृषिलाई पाठ्यक्रमको हिस्सा बनाइएको थियो भने अर्कोतिर सन् १९७० दशकको उत्तरार्धपछि स्कूल छिरेका ग्रामीण विद्यार्थीहरू खेतीपातीको प्रत्यक्ष अभ्यासबाट टाढिँदै गइरहेका थिए ।

राजधानी काठमाडौँमा सन् १९७९ मा विद्यार्थी आन्दोलन सल्कियो । यो आन्दोलनको दूरगामी प्रभावबाट सरकारी स्कूलहरू अद्यापि मुक्त हुन सकेका छैनन् । जेलमा रहेका पाकिस्तानका प्रधानमन्त्री जुल्फिकार अली भुट्टोलाई अप्रिल १९७९ मा मृत्युदण्ड दिइयो । पञ्चायत व्यवस्थामा फैलिँदै गएको बेथितिले व्यापक असन्तोष सिर्जना गरेको थियो । बीपी कोइराला लगायत अन्य केही पञ्चायत-विरोधी राजनीतिकर्मीहरूले पनि भुट्टो जस्तै नियति बेहोर्नु पर्ने हो कि भन्ने डरले पनि काम गरेको हुनु पर्दछ । व्यवस्था विरोधी विभिन्न गुटका कलेजका विद्यार्थीहरू काठमाडौँमा रहेको पाकिस्तानी दूतावासमा विरोध प्रदर्शनका लागि जान लागेका थिए । तीमध्ये केहीलाई बाटोमै लट्ठी प्रहार गरेर प्रहरीले पक्राउ गऱ्यो । प्रहरी दमनको विरोधले विद्यार्थीहरूलाई आन्दोलित बनायो । आसन्न राजनीतिक आँधीको सम्भावना देखेर राजा वीरेन्द्रले जनमत संग्रह गराउने घोषणा गरे । त्यसपछिको दशकमा सरकारी स्कूलहरूको रहलपहल साख पनि धूलिसात भयो । सन् १९८५ तिर वैदेशिक मुद्राको अभावद्वारा सिर्जित संकट टार्न नेपाल सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोषको संरचनात्मक समायोजन कार्यक्रमलाई स्वीकार गऱ्यो । यससँगै सार्वजनिक सेवामा नाफा क्षेत्रको प्रवेशले गति लिन थाल्यो । टहराहरूमा समेत नाफा क्षेत्रका स्कूलहरू खुल्न थाले । सन् १९८० को अन्ततिर आइपुग्दा शिक्षाको व्यापारीकरणलाई रोक्ने इच्छाशक्ति समेत समाप्त भइसकेको थियो । एकतिर सार्वजनिक स्कूलका शिक्षकहरू अभिभावकहरूको नियन्त्रण बाहिरको विशाल शासन-यन्त्रका स-साना पूर्जामा रूपान्तरित भएका थिए भने अर्कोतिर नाफा क्षेत्र आक्रामक बजार विस्तारका कार्यक्रमहरू लिएर फैलिँदै गैरहेको थियो ।

प्रशासनिकीकरणको असर

नयाँ शिक्षा योजनाको सुस्त एवं विलम्बित असर सन् १९७० दशकको अन्तसम्म उत्कर्षमा पुगिसकेको थियो । शिक्षकहरू जिल्ला शिक्षा अधिकारीको कार्यालयका तलबी कर्मचारी सरह भएका थिए । नयाँ व्यवस्थाले गर्दा आर्थिक स्रोतका हिसाबले कमजोर स्कूलका शिक्षकहरूको मासिक आय नियमित मात्रै भएको थिएन, केही बृद्धि समेत भएको थियो । तर, यससँगै उनीहरूको सामाजिक प्रतिष्ठा भने घटेर गयो । सन् १९६० दशकको अन्तसम्म पनि स्थानीय स्कूलका प्रधानाध्यापकको सामाजिक मर्यादा सरकारी अधिकारीभन्दा निकै माथि हुन्थ्यो । अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारी जस्ता स्थानीय प्रशासक समय

लिएर तिनलाई भेट्न जाने गर्थे । सन् १९७० दशकको मध्यपछि कहिले बजेट निकाशा त कहिले बेरुजू फछर्यौटका लागि जिल्ला शिक्षा अधिकारी कार्यालयको "खरदार साहेब" कहाँ हाजिर बजाउनु स्कूलका प्रधानाध्यापकको दिनचर्या बनिसकेको थियो ।

स्कूले शिक्षाको प्रशासनिकीकरण (ब्युरोक्रेटाइजेशन) अझ बढी तीव्र हुँदै गएको भने जनमतको पक्ष र विपक्षमा प्रचार-प्रसार हुन थालेदेखि (सन् १९७९ पछि) हो । प्रशासन संयन्त्र शिक्षकहरूलाई पञ्चायतको पक्षमा परिचालन गरिरहेको थियो भने विपक्षमा लागेकाहरूलाई "व्यवस्था विरोधी" ठहऱ्याएर विभिन्न बहानामा प्रशासनिक कार्यवाही गर्न पनि हच्किँदैनथियो । प्रशासनका अगाडि व्यवस्थाप्रति प्रतिबद्ध देखिने एवं आस्थाका लागि पेसालाई जोखिममा राख्न तत्पर शिक्षकहरूबीचको प्रतिस्पर्धालाई एक-अर्काका विरूद्ध प्रयोग गर्ने नीतिले गर्दा शिक्षण व्यवस्थापनको प्रशासनिकीकरणको प्रक्रियाले गति लियो ।

स्नातकोत्तर तहका विद्यार्थीहरू बहुदलको पक्षमा प्रचार गर्न सक्ने शंकाले गर्दा राविसे अर्न्तगत सेवारत युवाहरूलाई जनमत संग्रह घोषणापछि अपर्झट काठमाडौँ फिर्ता बोलाइए । शिक्षकहरू जनमत संग्रहको प्रक्रियामा संलग्न हुन थालेका थिए । सुधारिएको पञ्चायत व्यवस्थाका पक्षमा जनमत तयार गरी जसरी पनि यथास्थितिलाई निरन्तरता दिने कार्यादेशका साथ सूर्य बहादुर थापालाई प्रधानमन्त्री पदमा नियुक्त गरिएको थियो । स्थानीय पञ्चहरूको बलमा मात्र चुनाव जित्न नसक्ने देखेर शिक्षकहरूलाई पञ्चायत व्यवस्थाको पक्षमा परिचालन गर्न प्रहरी, प्रशासन र जिल्ला शिक्षा अधिकारीहरूलाई भनिएको थियो । अर्कोतिर, बहुदल पक्षधर शिक्षकहरूका लागि जनमत संग्रह तिनको आस्थाको परीक्षण गर्ने अवसरका रूपमा आएको थियो । अन्ततः सत्ताको जित भयो; पञ्चायत व्यवस्थाले कार्योत्तर वैधानिकता (पोस्ट-फ्याक्टो लेजिटिमेसी) पायो । बहुदलको पक्षमा खुलेर लागेका शिक्षकहरूमध्ये केही ठाडै खोसिए भने बाँकी बचेकालाई पनि इज्जत जोगाएर शिक्षण पेसामा रहिरहन कठिन हुँदै गयो । प्रजातान्त्रिक आस्था भएका शिक्षकहरूको मनोबल खस्किनु एवं स्कूलको शैक्षिक वातावरण प्रदूषित हुँदै जानुमा जनमत संग्रहको प्रक्रियाले निम्त्याएको सत्ता र विपक्ष विभाजन पनि एक हदसम्म जिम्मेवार छ ।

जनमत संग्रहपछि "सुधारिएको पञ्चायत व्यवस्था" अन्तर्गतको सन् १९८१ को राष्ट्रिय पञ्चायत निर्वाचनपछि शिक्षकहरू कक्षा-कोठाभन्दा बढी समय स्थानीय महापञ्चहरूको अगाडि-पछाडि घुम्नमा लगाउन थालिसकेका थिए । नेपाली काँग्रेसले औपचारिक रूपमा चुनाव बहिष्कारको घोषणा गरेका भए तापनि पञ्चायतको तथाकथित उदार समूहमा प्रजातान्त्रिक स्कूले शिक्षकहरू देखिन थालेका थिए । विश्वविद्यालय स्तरमा "पञ्चायतीकरण" अभियानको असर केही कम रहे पनि प्रशासनको प्रत्यक्ष सम्पर्कमा रहनु पर्ने विद्यालयका शिक्षकहरूमा समर्थन गरेर टिक्ने वा विरोध गरेर बाहिरिने बाहेकको विकल्प बाँकी थिएन । झापाली कम्युनिष्टहरूले "जनमत बहिष्कार" गरेर पञ्चायत व्यवस्थालाई

अप्रत्यक्षरूपले सहयोग गरेका थिए । उग्र राष्ट्रवादको मुद्दामा माले र मण्डले समूहबीच कार्यगत एकता जस्तो छँदै थियो । रणनीतिक तवरले समेत झापाली कम्युनिष्टहरूले शुरूमा लेनिनद्वारा प्रतिपादित एवं पछि लियोन त्रोत्स्कीद्वारा परिष्कृत प्रवेशवाद वा घुसपैठ (एन्ट्रीजम्) कार्यनीति अनुसार सरकारी सेवामा उपस्थिति बढाउने निर्णय गरिसकेका थिए । राजनीतिक प्रशिक्षण पाएका शिक्षकहरूको मूल ध्यान संगठन विस्तारमा हुन्थ्यो । कम्युनिष्टहरूले पञ्चायतको निर्वाचनमा लगभग प्रत्यक्ष तवरले नै सहभागी हुन थालेकाले तिनका प्रतिबद्ध कार्यकर्ताहरू शिक्षकको आवरणमा राजनीतिकर्मीहरू थिए । सरकारी स्कूलहरूको अन्तर्ध्वंशमा कम्युनिष्ट शिक्षकहरूको भूमिकाबारे अध्ययन गर्ने हो भने चाखलाग्दो निष्कर्ष फेला पर्न सक्छ ! विडम्बना नै हो, सन् १९८० को मध्यदेखि स्कूल सञ्चालनमा नाफा क्षेत्रको प्रवेश हुन थालेपछि सबभन्दा अग्रपंक्तिमा स्वघोषित कम्युनिष्ट लगानीकर्ता नै देखिए ।

भारतमा सन् १९७७ मा जनता पार्टीको सरकार गठन भएदेखि नै सीमापारी स्कूले शिक्षाको परिणाममा श्रेणी-स्फीति (ग्रेड इन्फ्लेशन) देखिन थालेको थियो । नेपालमा परीक्षा-कापी जाँच्ने प्रवृत्ति परम्परागत थियो । त्यसले गर्दा उतातिर पढ्न गएका लगभग उस्तै स्तरका विद्यार्थी नेपालको समकक्षीभन्दा बढी प्रतिशत अंक हासिल गरेर छात्रवृत्तिमा अग्रता पाउँथे । जनमतपछि हेम बहादुर मल्ल, कृष्ण चरण श्रेष्ठ एवं द्रोण शमशेर जस्ता प्रियतावादी राजनीतिकर्मीको गतिविधिले गर्दा केही मधेशी युवाहरूले सरकारी उपक्रमहरूमा तल्लो स्तरको नोकरी पाउने सम्भावना खुल्दै गएको थियो । त्यसका लागि "जसरी भए पनि" न्यूनतम योग्यता भने पुगेको हुनु पर्दथ्यो । बढी अंक पाउने मेधावी विद्यार्थीको लालसा एवं जसरी भए पनि एसएलसी पास गरेको प्रमाणपत्र हासिल गर्ने सामान्य छात्रको आवश्यकताको दबाबमा त्यसअघि अपवाद मानिने गरेको जाँचमा "चीट चोर्ने" प्रवृत्ति मध्य-मधेशमा व्यापक हुँदै गयो । केही कालपछि भारतबाट पास गरेका विद्यार्थीहरूको अंक तालिकाबाट १० प्रतिशत घटाएर मात्र शिक्षा मन्त्रालयको छात्रवृत्ति प्रतिस्पर्धामा सामेल गराउने निर्णय भए पनि चीट चोर्ने प्रवृत्ति भने कम भएन । शैक्षिक योग्यता वा व्यावहारिक क्षमताभन्दा प्रमाणपत्रको महत्त्व बढी हुने भएपछि परीक्षा र कापी जाँच्ने काममा हुने अनियमितता नियन्त्रण गर्न कठिन हुने रहेछ ।

सन् १९८० दशकको अन्तसम्म आइपुग्दा नाफा क्षेत्रका विद्यालयहरू काठमाडौँ बाहिर पनि खुल्न थालिसकेका थिए । तिनको अनुमति, अनुगमन एवं नवीकरणको अधिकार पनि जिल्ला शिक्षा अधिकारीलाई दिइएको थियो । सरकारी स्कूलहरू जिशिअको अधीनमा छँदै थिए । पञ्चायत व्यवस्थाको अन्तको शुरूआत भइसकेको भए तापनि सन् १९९० सम्म आइपुग्दा स्कूले शिक्षा मार्फत नेपाली भाषाको व्यापक प्रसारमा आधारित राजा महेन्द्रको समरूपीकृत राष्ट्रवादी अभियान सफलता-उन्मुख भइसकेको थियो । एकै खाले पाठ्यक्रम

देशभरि लागू थियो । विकट हिमाली क्षेत्र बाहेक स्कूल क्यालेण्डर एउटै थियो । सबै विषय नेपाली भाषामा पढाइन्थ्यो । तर, स्कूले प्रमाणपत्रको आधारमा नोकरीमा प्रवेश सीमित हुँदै गएकाले औपचारिक शिक्षाप्रति आकर्षण घट्ने क्रममा थियो । सन् १९९० को सफल जनआन्दोलनपछि भने पूरै शैक्षिक परिदृश्यमा व्यापक परिवर्तनको प्रक्रिया प्रारम्भ भयो ।

अद्यावधिक आकलन

संख्यात्मक रूपमा सरकारी विद्यालयहरूको तुलनामा नाफा क्षेत्रका स्कूलहरूको आकार सानो, पहुँच कम एवं सामाजिक उपस्थिति न्यून रहे पनि तिनको साँस्कृतिक प्रभाव एवं राजनीतिक शक्ति भने सन् १९९० देखि नै निरन्तर बढ्दै गैरहेको छ । वस्तु बेचबिखन गर्न हच्किने "जनैजाति" सभ्रान्तका लागि शिक्षा र स्वास्थको व्यापार रहरलाग्दो लगानीको क्षेत्र बन्न पुगेको छ । शहरी क्षेत्रमा नाफा क्षेत्रको स्कूलमा पढाउनु मध्यम वर्गीय महिलाहरूका लागि आकर्षक पेसा हुन गएको छ । मध्य-मधेशका सरकारी विद्यालयहरूको खस्किँदो स्तर एवं नाफा क्षेत्रका स्कूलहरूको लोकप्रियताबीच प्रत्यक्ष सम्बन्ध रहेको कुरा ठम्याउन कठिन छैन ।

अर्को विडम्बना, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सन् १९९६ देखि शुरू गरेको विद्रोह क्रममा सरकारी विद्यालयलाई जबर्जस्ती लडाकू भर्नाको केन्द्र बनाउन शुरू गरेपछि त्यसको प्रत्यक्ष लाभ नाफा क्षेत्रका स्कूल सञ्चालकहरूलाई हुन गयो । माओवादीलाई चन्दा दिएर सुरक्षा सुनिश्चित गरेका नाफा क्षेत्रका स्कूलहरूमा मध्यम वर्गले सकी-नसकी आफ्ना सन्तानलाई पठाउन शुरू गरे । सन् २००६–२००८ बीचको मधेश विद्रोहपछि मध्य-मधेशका हुनेखानेहरूले आफ्ना सन्तानलाई राजधानीमा पढाउने चलनले थप गति लियो । सारभूत संघीयता कार्यान्वयन हुन सकेको भए त्यस्तो प्रवृत्तिमा कमी आउन सक्थ्यो, तर त्यसो हुन सक्ने सम्भावना क्षीण हुँदै गैरहेको छ । कठिन, जोखिमपूर्ण, फोहर एवं कम पारिश्रमिकका लागि अदक्ष श्रमिक निर्यात गर्नेमा मध्य-मधेशको हिस्सा उल्लेख्य छ । आठ कक्षापछि पनि अनुपयोगी प्रमाणपत्रका लागि स्कूलमा अल्झिरहने धैर्य निम्न वर्गका विद्यार्थीहरूमा देखिँदैन । स्कूलको भवन आधुनिक हुने तर विद्यार्थीको संख्या एवं उपस्थिति भने घट्ने विचित्रको विसंगति समसामयिक मध्य-मधेशको अर्थ-राजनीतिक यथार्थ हो । स्कूल जाने छात्राहरूको संख्यात्मक बृद्धि लैंगिक न्यायको दृष्टिकोणले सन्तुष्टिको कुरा हो, तर यो मधेश प्रदेश सरकारको "बेटी बचाउ, बेटी पढाउ" कार्यक्रमको प्रभावकारिता भन्दा पनि सम्भाव्य छात्र आठ कक्षा पास गरेर अरब-मलेशियातिर लाग्ने भएकाले स्थानीय स्कूलमा केटीहरूको संख्या धेरै देखिएको हो ।

स्कूल शिक्षामा प्रदेश सरकारको भूमिका विस्तृत बनाएर स्थान-सापेक्ष पाठ्यक्रम एवं मौसम चक्र अनुसारको स्कूल क्यालेण्डर बनाउन सकिन्छ । हजारौँ करोड लगानी

भइसकेको नाफा क्षेत्रका स्कूलहरूको सरकारीकरण सम्भव छैन, र जरुरी पनि छैन । बरु सरकारी विद्यालयहरूको स्तरीकरणद्वारा तिनमा आकर्षण बढाउन अपेक्षाकृत सजिलो छ । मध्य-मधेशका स्कूलहरूसँग ठूला खेल मैदानहरू छन् । सलाइका बट्टा खप्टिएको जस्तो बहुतल्ले भवन वा टिनको छाना भएका भाडाका परिसरबाट सञ्चालित नाफा क्षेत्रका स्कूलहरूले एक-एक इन्च जमिन प्रयोग गर्छन् र पुग्दो खुला ठाउँ, बगैँचा वा खेल मैदान कि त उपलब्ध गराउन सक्दैनन् वा त्यस्तो सुविधाको असाध्यै महँगो मूल्य असुल गर्छन् । सामुदायिकीकरण भनेर सरकारी स्कूलहरूलाई पुन: स्थानीय राजनीतिकर्मीहरूलाई पहिले सरकारीकरण गरिएका स्कूलहरू जिम्मा लगाइएको छ । तर, अधिकांश त्यस्ता नव-सञ्चालकहरू स्वयंलाई समुदायिक स्कूलको सम्भावनामा विश्वास छैन । तिनका लागि स्कूल व्यवस्थापन शक्ति सञ्चय एवं प्रयोगको माध्यम भैदिएको छ । स्कूल संस्थापकका परिवारहरूमा आफ्ना पुर्खाको कीर्तिमा रुचि देखिन्न । जीवनमा सफल पूर्व विद्यार्थीहरू (स्कूल अलुम्नाइ) बीच सामान्य प्रकृतिको आफ्नो प्रारम्भिक शिक्षा संस्थाप्रति गौरव एवं जिम्मेवारी बोध हुनुको साटो हीनभाव रहनुले नव-उदारवाद मान्यताको व्यापकतालाई देखाउँछ, जहाँ स्कूलको "ब्राण्ड नेम" बढी महत्त्वपूर्ण हुन गएको छ । सम्भवत: रोग जहाँबाट शुरू भयो, उपचार पनि त्यहींबाट आरम्भ गर्न उपयुक्त हुनेछ । शिक्षाको विस्तारमा भूमिका निर्वाह गरेका सामाजिक अगुवाहरू जस्तै, स्वयंसेवीहरूको जमात गुणस्तर सुधारका लागि पनि चाहिएको छ । बाबा दास जस्ता समर्पित उत्प्रेरक, सभापति दास जस्ता सक्षम प्रधानाध्यापक एवं रामस्वरूप-रामसागर जस्ता उदारमना दाता बेगर सरकारी वा नाफा क्षेत्रको प्रयत्नले मध्य-मधेशमा सामान्यजनका लागि स्तरीय सार्वजनिक शिक्षाको पुन:जागरण सम्भव छैन । तर, शैक्षिक पुन:जागरणमा रुचि जाग्ने परिस्थिति बन्न सकेको देखिँदैन ।

सल्लाह सजिलो काम हो । मध्य-मधेशका प्राय: साक्षर घरमा पाइने रामचरितमानसको एउटा पंक्तिले भन्छ—"पर उपदेश कुशल बहुतेरे । जे आचरहिं ते नर न घनेरे ।" भावार्थ हो—अरूलाई उपदेश दिन जान्नेहरू बहुत हुन्छन् तर त्यस्तो पाठ अनुसार आचरण गर्नेहरू धेरै हुँदैनन् । त्यसैले, प्राय: अनुसन्धानकर्मीहरू निर्देशात्मक निष्कर्ष (प्रिस्क्रिप्टिभ कन्क्लुजन) खासै रुचाउँदैनन् । सान्दर्भिक पाठहरूको सूचीकरण, समसामयिक मुद्दाहरूको व्याख्या एवं सम्भाव्य प्रश्नहरूको उठानका दृष्टिले मध्य-मधेशमा सन् १९५० पछिका स्कूले शिक्षाका गतिविधिहरूको संश्लेषण गर्ने हो भने केही परिणामी प्रभावहरूलाई निचोडका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । त्यसपछि सम्बन्धित पक्षले आ-आफ्नै पाठ पहिल्याउन सक्दछन् ।

सन् १९५० देखि सन् १९६० को दशक सम्मको समयावधिलाई समग्रमा शिक्षा विस्तारको कालखण्डका रूपमा परिभाषित गर्न सकिन्छ । राणा शासनको अन्तपछि मधेशमा भविष्यप्रति आशाको सञ्चार भएको थियो । आधुनिकताको जग औपचारिक शिक्षा हुने देखेर सामान्यजन समेत जसरी भए पनि पढेर जीवनमा अगाडि बढ्न उत्सुक

थिए । खेलकुद नराम्रो होइन, तर सन् १९६० को शुरूसम्म पनि मधेशका अभिवावकहरू आफ्ना बालबच्चालाई उर्दूको प्रचलित आहान "पढोगे लिखोगे बनोगे नबाब, खेलोगे कुदोगे होगे खराब" सुनाएर लेखपढका लागि प्रोत्साहित गर्ने गर्दथे । सीमापारिबाट शिक्षकको आपूर्तिमा कुनै बाधा थिएन । त्यसले गर्दा औपचारिक स्कूल सँगसँगै दलान विद्यालय खोल्ने लहर नै चलेको थियो । पहिले-पहिले सभ्रान्त एवं आकांक्षी मध्यमवर्ग मात्रै आफ्ना केटाकेटीलाई सीमापारिका स्कूलमा पठाउँथे । सन् १९५० पछि त्यस्तो चलन अझ व्यापक भयो । सन् १९६० को शुरूताका समेत विहार राज्यको मधवापुर हाइ स्कूलमा महोत्तरीको मटिहानी बजारका विद्यार्थीहरूको संख्या उल्लेख्य हुन्थ्यो । आन्तरिक सुविधा बृद्धि एवं बाह्य संरचनामा सहज पहुँचले गर्दा सन् १९७० को शुरूआती वर्षसम्म पनि मधेशको शैक्षिक स्थिति सुदृढ भइसकेको नभए तापनि काठमाडौँ उपत्यका बाहेक पहाडका अन्य ठाउँहरूको तुलनामा सुधारोन्मुख थियो । त्यस्तो स्थिति रातारात बदलिएको भने होइन । विभिन्न सामाजिक, साँस्कृतिक, आर्थिक, प्रशासनिक एवं राजनीतिक कारणहरूले गर्दा मधेशमा शैक्षिक विकासको प्रक्रिया सुस्त भइरहेको छ ।

सामाजिक कारणहरू केलाउँदा सबभन्दा पहिले हिन्दू धर्ममा व्याप्त जाति व्यवस्थालाई दोष दिने गरिन्छ । त्यो एक प्रकारले स्वाभाविक पनि हो । पुस्तौँदैखि लेखपढमा एकाधिकार कायम राखेका कायस्थ-ब्राह्मण समुदायमा साक्षरता संतृप्ति विन्दु (स्याचुरेशन प्वाइन्ट) तिर उन्मुख छ । आर्थिक सभ्रान्तमा गनिने भूमिहार, राजपुत, यादव, वैश्य एवं अशराफ (सैयद, शेख, पठान र मुगल मूल दावी गर्ने उच्च कुल) मुसलमानहरूमा पनि शिक्षाको प्रसार तीव्र नै छ । तर, अपेक्षाकृत कम उमेरमा विवाह गर्ने प्रचलनले गर्दा माध्यमिक स्कूलपछि नारी शिक्षा कमजोर हुँदै जान्छ । शिक्षाको माध्यम नेपाली भएकाले स्कूल पुगेका हिन्दूमध्येका जनजाति प्रवर्ग एवं "मध्यम-जात" तथा मुसलमानहरू मध्येका अजलाफ (दर्जी, धोबी, धुनिया, गद्दी, फाकिर, सिकर्मी, हजाम, जुलाहा, कबाड़िया, कुम्हार, मनिहार जस्ता समूह) बच्चाहरूलाई दोस्रो भाषामा अभ्यस्त हुन नै समय लाग्छ । मधेशका कतिपय हिन्दू दलित एवं मुसलमान अरजाल परिवारहरूमा औपचारिक शिक्षाको महत्त्व बुझाउन अझै बाँकी छ । पहाडी समुदायमा जनजाति एवं दलितहरूको सामाजिकीकरण मीत लागाउने चलनको व्यापकता, सत्ता-संयन्त्र सँगको समीपता, "भागी विवाह" को प्रचलन एवं बसाइँसराइको बाध्यताले उत्पन्न गराएको अन्तर्घुलनले गर्दा तीव्र रूपमा भएको छ । अन्य कारणहरूले गर्दा अधिकांश पहाडी जनजाति एवं दलितहरू पनि शिक्षा हासिल गर्ने मामिलामा "खस-आर्य" भन्दा पछाडि परेका भए तापनि समतुल्य मधेशी समूहभन्दा त्यस्ता प्रवर्गहरू अगाडि पुगिसकेका छन् ।

संस्कृतिलाई कुनै खास समुदायका विश्वास, आस्था, प्रचलन एवं सामाजिक व्यवहारका रूपमा अर्थ्याउने हो भने मधेशमा बहु-संस्कृति व्याप्त रहेको कुरा स्वीकार गर्नु पर्ने हुन्छ ।

तर संस्कृतिको सामान्यीकृत परिभाषा स्थापित जीवनशैली पनि हो । त्यस्तो सीमित अर्थमा मध्य-मधेशको शैक्षिक पछौटेपनका साँस्कृतिक कारणहरूलाई केलाउने हो भने सबभन्दा पहिले "अपन अपन भाग" धारणा अर्थात भाग्यवादको व्यापकतालाई औँल्याउनु पर्ने हुन्छ । केही जाति पूजा-पाठ गर्न र अन्य आ-आफ्ना निर्धारित जातीय पेसाकर्म गर्न जन्मिएका हुन् भने मान्यताले आधुनिक शिक्षाको आकर्षणलाई केही कम गर्ने रहेछ । अन्ततः सेवा कर्म नै गर्ने हो भने धेरै पढेर वा पढाएर के गर्नु भन्ने निराशावादको सबभन्दा ठूलो शिकार स्कूले उमेरमै रहेका केटीहरू हुने गरेका छन् । दलित समुदायमा त्यस्तो समस्या झन् बढी छ । मधेशी मुसलमानहरूमा अशराफहरूको संख्या अपेक्षाकृत न्यून छ । अजलाफ एवं अरजाल समुदायको जीवनशैलीलाई निर्देशित गर्ने मौलवी साहेबहरूले नारी शिक्षालाई प्रोत्साहित गर्न थालेको भर्खर जस्तै हो । पहाडी समुदायसँग सम्पर्कमा रहेका मधेशी "मध्यम जातिहरू" मा समेत केटीहरूलाई पनि केटाहरू सरह पढ्ने मौका दिनु पर्छ भन्ने मान्यता अपेक्षाकृत नयाँ हो ।

समाज र संस्कृतिले आर्थिक गतिविधिलाई प्रभावित गर्छ एवं अर्थोपार्जनका सम्बन्धहरूले सामाजिक एवं साँस्कृतिक मान्यताहरूलाई रूपान्तरित पनि गर्दछ । सन् १९५० देखि मधेशीहरूका लागि शिक्षा र रोजगारको अन्तर्सम्बन्धलाई केलाउने हो भने शैक्षिक गतिविधि सुस्तरी मन्द हुँदै गएको कारण पहिल्याउन कठिन हुँदैन । आधुनिकताको प्रसारले गर्दा शिक्षित व्यक्तिका लागि रोजगारका अवसरहरू सिर्जना भइरहेकाले सन् १९५० आशा र उत्साहको दशक थियो । सन् १९६० दशकलाई ऊहापोहको अवधि भने फरक पर्दैन । शिक्षाले रोजगारको अवसर उपलब्ध गराउन सक्छ भने आशालाई नागरिकता पाउन कठिनाइ, राष्ट्रिय भनिएको भाषाको बाध्यता एवं सामान्य मधेशीलाई समेत प्रहरी र प्रशासनले शंकाको दृष्टिले हेर्ने प्रवृत्तिले गर्दा निराश पार्न शुरू गरिसकेको थियो । सन् १९७० को दशकको अन्त्यतिर शिक्षा मन्त्रालयले वैदेशिक छात्रवृत्तिका लागि पात्रता निर्धारण गर्दा भारतीय विश्वविद्यालयबाट शिक्षा हासिल गरेका विद्यार्थीहरूको लब्धांकबाट १० प्रतिशत अंक कट्टा गरेर मात्र गणना गर्ने नीति लिएपछि सीमापारि उपलब्ध सुविधाको लाभ उठाउन चाहने मधेशीहरूको संख्यामा पनि उलेख्य कमी आउन थाल्यो । जनकपुरको रामस्वरूप-रामसागर एवं वीरगञ्जको ठाकुरराम क्याम्पसले मध्य-मधेशको सम्पूर्ण पश्चभूमि (हिन्टरल्याण्ड) को शैक्षिक आवश्यकता पूरा गर्न सक्ने अवस्था थिएन । विज्ञान बाहेकका विषय पढेकाहरूका लागि नेपाली भाषामा लिइने लोकसेवा आयोगको लिखित परीक्षा उत्तीर्ण गरेर मधेशीहरूप्रति दूराग्रह राख्ने अन्तर्वार्ता छिचोल्नु असम्भवप्रायः थियो । सन् १९८० को दशकको मध्यसम्म आइपुग्दा मधेशी युवाहरूका लागि विकट पहाडमा शिक्षक बन्न जाने विकल्प पनि बन्द हुन थालिसकेको थियो; कोशी र मेची क्षेत्रका शिक्षित पहाडी स्नातकहरू "मण्डले-माले" राष्ट्रवादको प्रसारका

लागि कर्णाली र महाकालीसम्म पुग्न थालिसकेका थिए । स्नातक उत्तीर्ण भएकाले हलो वा तराजु समात्न अनिच्छुक तर अरू कुनै काम नभएका युवाहरूका लागि सन् १९८० को दशकमा मधेशतिर "बीए बैल" उपमा प्रचलनमा आएको थियो । अंग्रेजी पढेर पनि पसलमा बसेका युवाहरूलाई देखाएर उर्दूको उखान सुनाउने गरिन्थ्यो—"पढे फारसी बेचे तेल, देखो भाइ करम का खेल !" अभिभावकहरूमा उच्चशिक्षामा लगानी गर्ने चाहना सन् १९९० तिर निकै कम भइसकेको थियो ।

महोत्तरीको मुसलमान-बाहुल्य गाउँबाट अरबतिर "कमाउन जाने" चलन सीमावर्ती भारतीय क्षेत्रको प्रभावले गर्दा सन् १९८० को दशकमै शुरू भइसकेको थियो । तर, सामान्यजनका लागि नागरिकता लिनु, काठमाडौँ आएर राहदानीका लागि दगुर्नु, गाउँ फर्केर प्रहरी प्रतिवेदनका लागि भनसुन गराउनु र त्यसपछि पुन: राजधानी आएर विदेशिने प्रक्रियामा लाग्नु कठिन काम थियो । पञ्चायतमा लागेका केही चल्तापुर्जा व्यक्तिहरूले सहजीकरण गरेपछि मात्र सीमित व्यक्तिहरू पश्चिम एशिया जान पाउँथे । अदक्ष श्रमिक पंजाब र हरियाणा एवं दक्ष कामदार गुजरात तथा महाराष्ट्रतिर लाग्ने चलन व्यापक थियो । तिनले आफ्ना बालबच्चा पढाउनमा खासै रुचि राख्दैनथे । सन् १९९० को मध्यतिर राहदानी जिल्ला कार्यालयबाट पाउने भयो । पश्चिम एशियामा श्रम आपूर्ति गर्ने जनशक्ति निर्यातक (म्यानपावर एजेन्सिज) उपक्रमका गुमाश्ताहरू गाउँ-गाउँ चहार्न थाले । जनशक्ति निर्यातले गर्दा विकसित विप्रेषण अर्थतन्त्रको प्रारम्भिक असर शिक्षा विस्तारमा सकारात्मक देखिएको थियो । तर, पढेर कतार-कुवेत गए पनि त्यहाँ गर्ने कामको प्रकृति उस्तै भएपछि अंग्रेजीमा "द थ्री आर" भनिने आधारभूत पढ्ने, लेख्ने एवं गणितभन्दा बढी शिक्षाको सीमान्त उपयोगिता (मार्जिनल युटिलिटी) नगण्य हुने भयो । अर्थशास्त्रीहरू कुनै उत्पादन वा सेवाको एक अतिरिक्त इकाई उपभोगबाट प्राप्त हुन सक्ने लाभलाई सीमान्त उपयोगिता भन्छन् । सामान्य "थ्री आर" आठ कक्षाको जिल्लास्तरीय जाँचको प्रमाणपत्र हासिल गरेपछि पूरा हुन्छ । त्यसपछि एक-दुई वर्ष थपथाप गरेर नागरिकता-राहदानी पनि लिन मिल्छ । थप पढाइ गरेर राम्रो रोजगार पाउने सम्भावना नदेखेपछि बरु अरब-कतार गएर कमाइ गर्न उचित ठहऱ्याउनु सामान्य आर्थिक स्थिति भएका परिवारका किशोरहरूका लागि पूर्णतया तर्कसंगत निर्णय हुन आउछ । सामान्यत: शारीरिक श्रम गर्न हच्किने "बड्का लोक" भनिने उपल्लो जातिका ग्रामीण युवाहरूमा समेत उच्च शिक्षाको आकर्षण कम हुँदै गएको छ । किशोरहरूले कम उमेरमै कमाइ गर्न थालेको अनपेक्षित असर भने नारी शिक्षाको विकासमा देखिँदैछ । आफू पढ्न नपाई विदेशिनु परेका किशोरहरू घरमा छुटेका बहिनीलाई भने स्कूल पठाउन इच्छुक हुन्छन्, त्यो किनभने केटीहरू पनि काम गर्न विदेश जाने चलन मधेशमा अझैसम्म पनि अपवादको रूपमा मात्र देख्न पाइन्छ ।

उच्च माध्यमिक परीक्षा उत्तीर्ण गर्नेहरूको न्यून प्रतिशत, खस्किँदो पूर्वाधार, शिक्षणको गुणस्तरमा स्खलन जस्ता प्रशासनिक असफलताका असरहरू ठम्याउन सहज छ, तर तिनको जटिल पृष्ठभूमि बुझ्न भने समरूपीकरण अभियानका अन्तर्निहित कमजोरीहरू केलाउनु पर्ने हुन्छ । शिक्षाको उपयोगिता फगत प्रमाणपत्र हासिल गर्नुमा सीमित हुने भएपछि जाँचमा चोरी गर्ने प्रवृत्तिले प्रश्रय पाउनु स्वभाविक हो । लब्धांक पत्रको प्रतिशतबाट पात्रता निर्धारित हुने भएपछि शिक्षकको सक्षमता थप "ट्यूशन" दिन सक्ने गुणमा देखिन्छ । नियमित पठन-पाठनको स्तर निरन्तर खस्किँदै जान्छ । त्यसपछि अभिभावक आफ्ना केटाकेटीलाई नाफामुखी स्कूलमा पठाउन बाध्य हुन्छन् । सार्वजनिक स्कूलका शिक्षकहरू पनि नाफाक्षेत्रका व्यावसायिक स्कूलमा "पार्ट टाइम" गर्नेतिर लहसिन थाल्ने रहेछन् । त्यस्तो दुश्चक्र राजनीतिक व्यवस्थापनले तोड्न सक्नु पर्ने हो । दुर्भाग्य, सार्वजनिक स्कूलहरूको पुन: सामुदायिकीकरण गर्ने बहानामा शैक्षिक गुणस्तर सुधारमा रुचि र क्षमता नभएका स्थानीय राजनीतिकर्मीहरूको जिम्मा लगाइएको छ । सार्वजनिक हितका लागि स्कूल सञ्चालन गर्न अग्रसरता लिने शिक्षक एवं दाताका परिवारहरू राजनीतीकरण गरिएका शक्तिशाली सञ्चालक समितिहरूमा अटाउँदैनन् । अभिभावकहरूद्वारा निर्वाचित सञ्चालक समितिमा स्थानीय स्तरमा प्रभावशाली रहेका दलगत राजनीतिकर्मीहरूको हालीमुहाली हुन्छ । तिनले सार्वजनिक विद्यालयलाई पनि व्यापारिक प्रारूपमा चलाउन खोज्दछन् । स्थानीय सभ्रान्त आफ्ना केटाकेटीलाई नाफामुखी स्कूलको जिम्मा लगाइसकेकाले तिनको चासो सञ्चालक समितिको चुनाव वा राष्ट्रिय निर्वाचनको प्रचार-प्रसारका बेला मात्र देखिन्छ । राज्यका अन्य विभिन्न सेवा प्रदायक निकायहरू जस्तै सार्वजनिक स्कूलका व्यवस्थापकहरूले पनि नियमित सञ्चालन जेनतेन धानिरहेका छन् । नाफा क्षेत्रका स्कूलहरूको मुख्य उद्देश्य शिक्षाको विस्तार नभएर लगानी अनुकुलको प्रतिफल सुनिश्चित हुने गरी कार्यसञ्चालन गर्नु हो । परोपकारी विद्यालय वा सञ्चालन खर्च मात्र उठाउने जन-कल्याण स्कूलहरूलाई शिक्षाको राष्ट्रियकरणले समाप्त गरिसकेको छ । संघीय, प्रादेशिक एवं स्थानीय सरकारहरू मध्ये कसैलाई पनि सार्वजनिक विद्यालयहरूको सुदृढीकरणमा चासो रहेको देखिँदैन । एकताका "शिक्षाप्रेमी" भनेर चिनिन चाहने नागरिक अगुवाहरूमध्ये अधिकांश गैससकर्मी भइसकेका छन् । सबैजसो सामाजिक एवं अर्थ-राजनीतिक साझेदारको उपेक्षामा परेका मध्य-मधेशका विद्यालयहरूको हालत ठम्याउन रामस्वरूप-रामसागर दाजुभाइले स्थापना गरेको जनकपुरको सरस्वती हाइ स्कूलको अवस्था मात्र हेरे पनि पुग्छ ।